# नेपाली

(त्रैमासिक)

२०६९ साउन, भदौ र असोज पूर्णाङ्क २१२

## गुठीको समाचार

### १. २०६८ का पुरस्कार

२०६९/६/१/१ मा दिउँसो ३ बजे गुठीको कार्यालय श्रीदरबारटोल ललितपुरमा बसेको गुठीको साधारण सभाले २०६८ का पुरस्कारहरू (१) जगदम्बा-श्री तथा (२) मदन पुरस्कारको घोषणा गऱ्यो। घोषणा अनुसार –

(१) संवत् २०६८ सालको पुरस्कार जगदम्बा-श्री श्री संशोधन मण्डललाई–
गत ६ दशकभन्दा बढी समयदेखि नेपाली इतिहास र संस्कृतिका अतिरिक्त ज्योतिष, गणित, व्याकरण र साहित्यका फाँटमा गुरुकुलीय संगठित र संस्थागत प्रयासबाट प्रामाणिक अनुसन्धान गरी तिनको प्रकाशन तथा प्रचारका लागि ‘पूर्णिमा’ पत्रिकाको निरन्तर प्रकाशन गरेर नेपाली वाङ्मयको सेवा र श्रीवृद्धिमा निरन्तर रूपले उल्लेखनीय योगदान गरिरहे बापत प्रदान गर्ने निर्णय गरेको छ। त्यस्तै

(२) २०६८ सालको मदन पुरस्कार श्री अमर न्यौपानेलाई उहाँको ग्रन्थ ‘सेतो धरती’ लाई प्रदान गर्ने निर्णय गरेको छ।

– कार्यालय सचिव
म.पु. गुठी

*(बाँकी पृष्ठ ३ मा)*

## 'परिचय', 'आशीर्वाद' र 'संकल्प'

– क.दी.

हालै ३१७५२ नम्बरको किताप दर्ता गर्दा पुस्तकको नाम-खण्डमा 'परिचय' लेखियो, अनि लेखक-खण्डमा गीता रेग्मी। त्यसै बेला 'कान्तिपुर' दैनिकको शनिवासरीय 'कोसेली' मा आँखा पुग्यो। त्यहाँ पनि 'परिचय' भन्ने पुस्तकको नै समीक्षा छापिएको देखियो। तर पढ्दा कितापका लेखक त भिन्नै पो रहेछन्– ज्ञवाली-द्वय, कपिलमणि ज्ञवाली र हिरण्यलाल ज्ञवाली ! त्यो देखेपछि पुस्तकालयमा अरू पनि 'परिचय' छन् कि भनेर हेर्न यहाँको सूची (कम्प्युटर)मा पसेर हेर्दा थाहा भयो, त्यस नामका त यो गीता रेग्मीको बाहेकै अरू दुई ओटा किताप दर्ता भैसकेका रहेछन्। नम्बर १२४९० मा उपन्यास र नम्बर २८५५१ मा कविता-संग्रह।

नेपालीमा यस्तो दोहोरो तेहरो नामका किताप छापिने रोग पुरानै हो। तर, त्यो कविलेखकको विवशता पनि हो। किनभने आफूलाई राम्रो लागेर आफ्ना कितापका लागि छानेका नामको कुनै किताप अरूले पहिले नै प्रकाशित गरिसकेको छ भन्ने थाहा नभएपछि के गरून् उनीहरू ? जस्तो 'पूर्णिमा' (नं. ७०७७, १५३४२) भन्ने नाम साधारण हो, अरूले पनि प्रयोग गरिसकेको होला भन्ने अनुमान गरेर त्यो नराखी, कसैले अलि अनौठो 'पूर्णिमाको जून' (नं. ३००९४) या 'पूर्णिमाको रात' (नं. ४५५१, १०८१७, २१०२६) छानेर राख्दा त्यो पनि दोहोरिन्छ भनेर कसरी जान्ने ? तर दोहोरो मात्र होइन, तेहरिएका पनि देखिन्छन् ती यहाँ मपुपु-मा ! 'संकल्प' या 'सङ्कल्प' त मपुपु-मा नै १०/१२ ओटा दर्ता छन्।

अरूलाई दोष किन दिने ? यही कदीले समेत मपुपु-को सूची नै नहेरी आफ्नो सद्य-प्रकाशित किताप 'आशीर्वाद' (३१७६०)को शीर्षक राख्दा त्यो अर्को (नं. ८६५० को प्रकाश कोविदको उपन्यास) सँग जुधेको पत्तै पाएन ! त्यसबाट के शिक्षा लिने ? यो: "कुनै पनि लेखकले एकपटक मपुपु-को 'वेब साइट' मा नपसी आफ्नो पुस्तकको नाम नछान्नू !"

मपुपु-को पानाको यस आलेखमा पनि यसपटक अनायास अलि नआउनुपर्ने कुरा आयो। त्यो के भने, हाम्रो पुस्तकालयमा नआइपुगेको या दर्ता नै नभएको एउटा कितापको चर्चा भयो: ज्ञवालीद्वयको 'परिचय' कथासंग्रहको। त्यस्तो हुनु नपर्ने थियो तर भयो। त्यसको दोष "प्रसङ्गले गर्नु पर्‍यो" भनेर उम्किन सकिन्छ। तर त्यसको मारण भने अब त्यो नआइपुगेको पुस्तक खोजेर ल्याई यहाँ दर्ता गरेपछि मात्र हुनसक्छ। त्यो कसरी गर्ने।

– कदी

# २. पुरस्कार अर्पण समारोह

२०६९।६।२१।१ संवत् २०६८ सालका पुरस्कार जगदम्बा-श्री तथा मदन पुरस्कार वितरण समारोह सम्पन्न भयो।

३ बजेका लागि अतिथिगणलाई निमन्त्रण गरिएको थियो र त्यति बेलासम्म त रातो बङ्गला स्कूलको कमलमणि थिएटरको रङ्गशाला झन्डै भरिइसकेको थियो। अनि ठीक सवा तीन बजे 'एमसी' सभाका कर्ताधर्ताद्वय सुधा ओझा तथा ज्ञाननिष्ठ ज्ञवालीले सभारम्भ भएको घोषणा गर्नुभयो। शुरूमै उहाँहरूले यो समारोहको रीतिरिवाजको संक्षिप्त व्याख्या गर्नुभयो। अनि गुठीका अध्यक्ष श्री कमलमणि दीक्षितलाई आफ्नो अध्यक्षीय स्वागत भाषण गर्न आह्वान गर्नुभयो। अध्यक्ष श्री कमलमणिले साबिक बमोजिम वेदको ऋचा उच्चारण गरी यस्तो भन्नुभयो–

"ॐ असतोमा सद्गमय तमसोमा ज्योतिर्गमय मृत्योमा अमृतं गमय, ॐ शान्तिः ! शान्तिः !! शान्तिः !!!" भन्दै उच्चारण गरी अध्यक्षीय भाषण पढ्नुभयो। उहाँले भन्नुभयो–

"आदरणीय आजका ब्यौलाद्वय, डा. चैतन्य मिश्रज्यू तथा मित्रहरू,

यो पुरस्कार शुरू भएको समयदेखि नै सधैंजसो नौरथाका समयमा हुने गरेको यो समारोह यसपालि केही अगाडि हुनआयो। त्यसले कसैलाई विशेष असुविधा भएको होवैन भन्ने आशा गर्छु र तपाईंहरू सबै जनालाई यस रङ्गस्थलमा स्वागत गर्दछु। साथै यो समारोह प्रारम्भ गर्नुभन्दा पहिले तपाईंहरूलाई सधैं झैं एक पटक यस कार्यका कारक दुई व्यक्तित्व जनरल मदनशमशेर तथा रानी जगदम्बालाई स्मरण गरिदिन पनि आग्रह गर्दछु।

दिनेशराजजी तथा डा. महेशराजजी, आज तपाईंहरूलाई सँगै यहाँ देख्दा मलाई नारायणगोपालको एउटा गीत याद आयो र भन्न मन लाग्यो– "चिन्हारी हाम्रो धेरै पुरानो भए झैं लाग्दछ !" नभन्दै संशोधन मण्डल र मदन पुरस्कारको सम्बन्ध त आधा शताब्दी

लामो पो भैसकेको रहेछ ! यो सम्झँदा मलाई गौरव-बोध भैरहेछ । म तपाईंहरूलाई हार्दिक स्वागत गर्छु ।

युवा स्रष्टा अमर न्यौपानेज्यू, शुरूमा मदन पुरस्कार तपाईं जस्तै र अझ तपाईंभन्दा कम उमेरका कवि लेखकहरूले पाउनुभएको हो । तर यता निकै वर्षदेखि यसमा पाका स्रष्टाहरूको वर्चस्व कायम भए जस्तो देखिएको छ । तर मदन पुरस्कार वय:- निरपेक्ष छ भन्न यसपालि तपाईंले हामीलाई सघाउनुभयो। तपाईंको युवा ऊर्जाले एउटा अर्को सशक्त सन्देश समेत दिएको छ नेपाली साहित्यिकहरूलाई । राम्रो र कामलाग्दो किताप लेख्ने हो भने श्रम गर, पूर्व तयारी गरेर मात्रै नयाँ पुस्तक लेख, मनमा जे आयो त्यो मात्तै कागजमा नकोर- भन्ने । त्यसका साथै तपाईंले अर्को कुरा पनि सिद्ध गरिदिनुभएको छ । त्यो के भने– मदन पुरस्कारबाट सम्मानित हुन गुठीका कुनै पदाधिकारीहरूको निकट हुनुपर्दैन। जस्तो, तपाईंलाई नै हामीहरू कोई चिन्दैनथ्यौं, न तपाईं यहाँका कसैको निकट हुनुहुन्थ्यो। तैपनि तपाईंको किताप उत्कृष्ट ठहरियो ! म तपाईंलाई समारोहमा कृतज्ञतापूर्वक स्वागत निवेदन गर्दछु ।

डाक्टर चैतन्य मिश्रज्यू, तपाईंसँग सम्भवत: गुठीको यो पहिलो औपचारिक चिनजान हो । हाम्रो आग्रह मानेर विद्वद्प्रवचन दिन पाल्नुभएकोमा म तपाईंलाई धन्यवाद निवेदन गर्दै स्वागतम् भन्छु ।

पुरस्कारद्वारा सम्मानित हुने ब्यौलाहरूलाई 'ओल्क्याउने' परम्परा छ हाम्रो। यस पटक पनि चार जना विद्वान्-विदुषीहरूले त्यो पुनीत कार्य सम्पन्न गरिदिनुहुनेछ। उहाँहरू चारै जनालाई पनि पेस्की धन्यवाद दिँदै म ससम्मान स्वागत भन्दछु ।

विद्वान् मित्रहरू, समारोहको गरिमा बढेको छ, तपाईंहरूको यो भव्य उपस्थितिले। तपाईंहरू सबै जनालाई म हार्दिक हार्दिक स्वागत गर्दछु ।

समारोहको अन्त्यमा सधैं झैं मेरा दुइटा किताप हाम्रा आदरणीय सम्मानित दुई ब्यौलाहरूलाई समर्पण गरिनेछ । त्यसलाई हामीले पुस्तकको विधिवत् विमोचन भएको मान्ने गरेका छौं । समारोह पछि तल प्राङ्गणमा जलपानका बेला, तपाईंहरूमा पनि त्यो वितरण गरिनेछ । तर त्यो नि:शुल्क हुनेछैन । र शुल्क हो– तपाईंहरूका

एउटा एउटा दस्तखत। कृपया सो शुल्क तिरी तपाईंहरूले ती दुई पुस्तक लिएर गैदिनुहोला। यो स्वागत मन्तव्य टुङ्ग्याउनुभन्दा अघि एउटा कुरा तपाईंहरूलाई जानकारी गराउन मन लाग्यो। दुई हप्ताजति अघि एउटा राष्ट्रिय दैनिकले आफ्नो शनिबासरीय अङ्कमा हाम्रो गुठी बारे मेरो अन्तर्वार्ता लिएको थियो। त्यसको रिपोर्टिङ राम्रै थियो तर अन्त्यमा अन्तर्वार्ता लिनेले मैले भनेको भनी लेखे– "गुठीमा अध्यक्षको निर्णय नै अन्तिम हुन्छ।" यो गलत थियो, किनभने मैले त्यसो भनेको थिइनँ, मैले त्यसो भन्नै सक्तिनँ किनभने २०१२ सालदेखि चलिआएको गुठीको नियमावलीले त्यो अधिकार अध्यक्षलाई दिएको छैन। मदन पुरस्कारमा साधारणसभाको निर्णय नै अन्तिम तथा अकाट्य हुन्छ। त्यसै हुनाले मैले इमेलबाटै त्यसको खण्डन गरी सही कुरा लेख्न पठाएँ तर त्यस दैनिकले त्यो संशोधन या मेरो चिठी छापेन। अतः तपाईंहरूलाई भ्रम नपरोस् भनी मैले ऐले यो कुरा छापी तपाईंहरूलाई अवगत गराएको हुँ- मदन पुरस्कार अध्यक्षको होइन, साधारणसभाको निर्णय अन्तिम हुन्छ। धन्यवाद !

सबैको जय होस्।"

त्यसपछि पुरस्कार अर्पणको कार्य आरम्भ भयो। सुधा र ज्ञाननिष्ठले जगदम्बा-श्रीद्वारा सम्मानित भएको संशोधन मण्डलका प्रतिनिधि त्यसका कार्यकारी सञ्चालक श्री दिनेशराज पन्तलाई ओल्क्याई ल्याउन डा. जगमान गुरुङ तथा विदुषी श्री रमा शर्मालाई आग्रह गर्नुभयो। उहाँहरूले विद्वान् प्राध्यापक श्री दिनेशराज पन्तलाई सम्मान अर्पण गर्न अध्यक्ष श्री कमलमणि दीक्षित समक्ष प्रस्तुत गरेपछि अध्यक्षज्यूले कपुरको बत्तीले आरती गर्दै पुरस्कारको प्रमाणपत्र र पछिबाट पुरस्कारको रकम टक्रयाउनुभयो। तत्पश्चात् डा. गुरुङ तथा रमा शर्माज्यू दर्शकदीर्घामै फर्कनुभयो। श्री दिनेशराज मञ्चमै कवचमा विराजमान हुनुभयो।

त्यसपछि मदन पुरस्कृत ग्रन्थ 'सेतो धरती'का लेखक श्री अमर न्यौपानेलाई त्यसै गरी ओल्क्याई ल्याउन विद्वान्द्वय, श्री गोविन्द टण्डन तथा विष्णुराज आत्रेयलाई आह्वान गरियो र सो बमोजिम श्री न्यौपाने प्रस्तुत गरिनुभएपछि उहाँलाई पनि सोही

बमोजिम प्रमाणपत्र र रकम अर्पण गरियो। त्यसपछि सभालाई विद्वत् प्रवचन दिन डा. चैतन्य मिश्रलाई आग्रह गरियो । उहाँले आफ्नो लिखित प्रवचन यसरी पढ्नुभयो–

"यस समारोहका सभापतिज्यू, यस वर्ष मदन पुरस्कार प्राप्त गर्ने *सेतो धरती*का लेखक उपन्यासकार श्री अमर न्यौपानेज्यू, जगदम्बा-श्री पुरस्कार विजेता *संशोधन-मण्डल* र मण्डलमा लामो समयदेखि संलग्न नेपालका अत्यन्त मेहनती इतिहासकारज्यूहरू र यहाँ उपस्थित विद्वान्हरू र मित्रहरू !

मलाई आज धेरै खुशी लागेको छ । युवक एवं सशक्त साहित्यकार अमर न्यौपानेको विशिष्ट सामाजिक परिवेशबारेको कृतिले मदन पुरस्कार पाएको छ। हामी उहाँबाट उच्चकोटीका अरू उपन्यास र अन्य रचनाहरू आस गर्न सक्छौं। संशोधन मण्डलको लामो, जुझारु र सशक्त लगनले एउटा थप महत्त्वपूर्ण फल प्राप्त गरेको छ। यो मेरो सौभाग्य हो कि संशोधन मण्डलमा संलग्न इतिहासकारहरूमध्ये स्वर्गीय धनवज्र वज्राचार्य, श्री ज्ञानमणि नेपाल, श्री महेशराज पन्त र श्री दिनेशराज पन्तसँग मेरो व्यावसायिक र व्यक्तिगत चिनारी पनि रह्यो। र साथै पहिलो पटक सामाजिक शास्त्रको विधाले जगदम्बा-श्री पुरस्कार प्राप्त गऱ्यो ।

यो खुशीको मौकामा आज म सायद आँट गर्न नहुने काम गर्दै छु। आज म ऐतिहासिक चेतबारे आफूलाई लागेका केही सवालहरूबारे छोटकरीमा चर्चा गर्नेछु। तर म इतिहासकार भने होइन। वास्तवमा स्कूलमा इतिहासका किताबहरूमा र इतिहासका गुरुहरूले तिथिमितिमा दिने गरेको मिहिन जोड र राजामहाराजाका गाथाबाट उक्ताएर इतिहास इच्छाधीन विषयबाट भागेर मैले भूगोलशास्त्र इच्छाधीन विषय रोजें। त्यो उपयोगी पनि भयो भन्ने लाग्छ ।

तर यता लामो कालदेखि मैले इतिहासको सम्मान गर्न सिकेको छु। सम्मान मात्र होइन, ऐतिहासिक चेतलाई मैले व्यवहारमै अँगालेको छु । ऐतिहासिक चेतविना समाजको विश्लेषण नितान्त अपूरो हुन्छ भन्ठान्छु । विश्वसनीय र प्रामाणिक हुँदैन भन्ठान्छु । वास्तवमा मैले

पछ्याउने मेरा एक शास्त्रगुरु इम्मानुयल वालरस्टीनले अड्डी कसेका छन् कि राजनीतिशास्त्र, अर्थशास्त्र, समाजशास्त्र, आदि सबै सामाजिक शास्त्रहरू खास समय-स्थानका उपज हुन्। अर्थात् यी शास्त्रहरू आधुनिक राजनीतिक, आर्थिक, सांस्कृतिक, औद्योगिक आदि उथलपुथलद्वारा पीडित र पोषित इसाको मध्य १९औं शताब्दीका पश्चिमी युरोपका उत्पादन हुन्। अर्थात् शास्त्रहरू आफैं युगीन अर्थात् ऐतिहासिक उत्पादन हुन्। उनी थप भन्छन्, अब हाल त्यस कालभन्दा डेढ सय वर्षभन्दा पनि बढी यता आइपुग्दा र विश्व बेग्लै किसिमले संरचित भइसक्दा समस्त सामाजिक शास्त्रहरूलाई पुनर्गठन गर्नु अत्यावश्यक भइसकेको छ। पुरानो र स्थापित सामाजिक शास्त्रहरूको विशिष्टीकरणको उपादेयता अहिलेसम्म आउँदा क्षय भैसकेको छ। किनकि त्यस विशिष्ट अवधिमा इतिहास-जनित र स्थापित सामाजिक प्रणाली आफैं क्षय भैसकेको छ। सामाजिक शास्त्रको अबको ध्येय प्रत्यक्षतः इतिहास-जनित प्रणालीहरूको शृङ्खला, विस्तार, सघनीकरण, कार्यकारण सम्बन्ध, अन्तरविरोध, संघर्ष आदिमा केन्द्रित गर्नु आवश्यक भएको छ। विशिष्ट ऐतिहासिक प्रणालीहरूको अध्ययन नै नयाँ र संश्लेषित सामाजिक विज्ञानको मूल मर्म बन्नुपर्छ। यसो गर्नका लागि स्थापित इतिहासशास्त्र लगायतका म्याद गुज्रेका औषधी समान बनेका सबै विशिष्टीकृत सामाजिक शास्त्रहरूको विघटन आवश्यक भएको छ। साथै इतिहास-जनित प्रणालीहरू खोतल्न र बुन्नका लागि आवश्यक पर्ने अनुसन्धान र पठनपाठनका बौद्धिक विषयसूचीको क्रमागत निर्माण पनि आवश्यक भएको छ। र अन्त्यमा विघटित सामाजिक शास्त्रहरूका विज्ञ, विभाग र विश्वविद्यालयहरूको सो विषयसूची अनुसारको कार्यविभाजन र संलग्नता पनि आवश्यक भएको छ।

यो र यस्तै अन्य अडानबाट मैले सिकेको यो हो: ब्रह्माण्ड, विश्व, राष्ट्र, लिङ्ग, जात, वर्ग, परिवार, व्यक्ति आदि सबैको वर्तमानले भूतकालमा अडेस लगाएको हुन्छ। मानव वा समाज निर्मित श्रृङ्खलाबद्ध विगत विना वर्तमान मानव समाज, रीतिथिति, राज्य, लिङ्ग, वर्ग आदि केही कसैको निर्माण हुँदैन। अर्थात् वर्तमानका यी समस्त उत्पादनहरूको साथै सिङ्गो वर्तमान युगको मूल प्रकृति खोतल्न हामीले

ऐतिहासिक चेत बोक्नै पर्छ। खास किसिमले परिभाषित इतिहासशास्त्रको आफ्नो महत्त्व छ नै। तर यसभन्दा बढी महत्त्वपूर्ण भने व्यापकता बोकेको ऐतिहासिक चेत हो भन्ने निचोडमा म पुगेको हुँ।

म आफू समाजको बारेमा सोच्छु, पढाउँछु, लेख्छु। तर केही मात्रामा ऐतिहासिक चेत बोकेकोले म समाज र अर्थतन्त्र, राजनीति, संस्कृति आदिलाई स्थिर रूपमा हेर्दिनँ। हेर्नुहुन्न भन्ठान्छु। यसै कारणले म समाजबारे भन्दा सामाजिक परिवर्तनबारे लेख्छु। समाजमा भइरहेको परिवर्तन चिन्न कस्तो चेत निर्माण गर्नुपर्छ भन्ने बारे पढाउँछु। मेरो लागि सामाजिक परिवर्तन र इतिहासको प्रवाह नितान्त एउटै विषयवस्तु हुन्। इतिहासको प्रवाह मानव र समाज निर्मित प्रवाह हो। र साथै ऐतिहासिक प्रवाहले समाजलाई पुनर्गठित गर्छ। विगत, वर्तमान र भविष्यको सन्धिकाल र सन्धिस्थल बुझ्न व्यापक र तुलनात्मक ऐतिहासिक चेत बाहेक अरू कुनै अस्त्र छैन।

मैले अघि भनें, म इतिहासकार होइन। तर पनि ऐतिहासिक प्रवाह र सामाजिक परिवर्तनलाई एकीकृत रूपमा बुझ्नका लागि मैले सिकेका एक-आपसमा गाँसिएका तीन सवालहरूलाई यो विद्वत् भेलामा राख्न चाहन्छु। मलाई विश्वास छ, यसो गर्दा भुलचुक भएमा यहाँहरूले मलाई माफ गर्नुहुनेछ।

पहिलो सवाल व्यष्टि र समष्टि, एक र अनेक, अंश र पूर्ण, वा स्थानिक र व्यापक बारेको हो। यहाँ हल गर्नुपर्ने सवाल यी हरेक जोडीका पाटाहरू बीचको सम्बन्धको प्रकृतिको हो। र साथै व्यष्टि र समष्टिमध्ये (लगायत एक र अनेक मध्ये, अंश र पूर्णतामध्ये वा स्थानिक र व्यापकमध्ये) कुनमा अध्ययन दृष्टि केन्द्रित गरिनु उपयुक्त हुन्छ भन्ने बारेको हो। व्यष्टिलाई नै समष्टि सरह ठान्ने अर्थात् थोपामा अल्मलिएर सागर नजरअन्दाज गर्ने, रूखमा अल्मलिएर जङ्गल नदेख्ने वा बालुवाको कण देख्दा मरुभूमिको वा बगरको कल्पना नगर्ने वा न्यून आँक्ने गलत बौद्धिक प्रवृत्ति बारेको हो। र सारमा व्यष्टिको प्रकृतिको पहिचान र विश्लेषण समष्टि अन्तर्गत मात्र नै हुन सक्छ र गरिनुपर्छ भन्ने आग्रहको हो। व्यष्टिलाई नै समष्टि वा पूर्ण मान्दा बौद्धिक र सैद्धान्तिक दृष्टिले अनाहक वा तपसील तहका

मूर्तताहरूमा रुमल्लिंदै व्यष्टि वा पूर्णको महत्त्व नदेख्ने वा कम देख्ने प्रवृत्ति बारेको हो ।

दोस्रो सवाल एक किसिमले पहिलो सवालको अंश हो । यो सवाल व्यक्ति र समाज, आफू र जगत्, र व्यक्तिको जीवनी र समाजको इतिहास बीचको सम्बन्धको बारेको हो । मेरा अर्का एक गुरु सी. हाइट मिल्सले भनेका छन् : यी माथिका तीन जोडीमध्ये हरेक जोडी बीचको अन्तरसम्बन्ध खोतल्नु समाजशास्त्रको मूल जिम्मेवारी हो । वास्तवमा यी तीनै जोडीहरूमा जोडीको पहिलो पाटोविना अर्को पाटो अस्तित्वमा आउनै सक्दैन । र एउटा पाटो अर्को पाटोसँग अन्तरंग रूपले गाँसिएको हुन्छ । व्यक्ति नभई समाज हुँदैन । साथै समाज नभई मानव गुणयुक्त व्यक्ति पनि हुँदैन। त्यसै गरेर आफू अर्थात् 'म' को निर्माण र पुनर्निर्माण समाजसँगको अन्तर्क्रियाको दौरानमा नै हुने हुन्छ। त्यस्तै कुनै पनि व्यक्तिको जीवनकथा उसको समाजको प्रकृति, गति आदिसँग अभिन्न रूपले गाँसिएको हुन्छ। मलाई लाग्छ, यी तीन जोडीहरूमध्ये हरेक जोडीका दुई पाटाहरू बीचको अन्तरसम्बन्ध खोतल्नु समाजशास्त्र मात्रको जिम्मेवारी नभएर इतिहासशास्त्र लगायत सबै सामाजिक शास्त्रहरू समेतको हो । अझ, उपर्युक्त तीन जोडीहरूमध्ये तेस्रो जोडीसँग त इतिहासशास्त्रको प्रगाढ सम्बन्ध छ । त्यो कस्तो 'व्यक्तिगत' जीवनकथा वा जीवनप्रवाह होला जुन समाज र जगत्को प्रवाहसँग बिल्कुल विमुख रहेको होला वा तादात्म्य बेगरको होला ? विदितै छ, त्यस्तो जीवनकथा वा जीवनप्रवाह सम्भव नै छैन ।

तेस्रो सवाल एकातिर इतिहासको र संरचनाको प्रवाह र अर्कोतिर व्यक्ति वा कर्ताको स्वतन्त्रता वा स्वेच्छा बीचको सम्बन्धको बारेको हो। यो सवाल इतिहासको निर्माण मूलतः समग्र सामाजिक संरचना–अर्थात् आर्थिक, राजनीतिक, सांस्कृतिक आदिको प्रकृति र यीभित्रको र बीचको अन्तरविरोधहरूले गर्ने हो वा व्यक्ति, खास गरेर राजा, राष्ट्राध्यक्ष, प्रधानमन्त्री, राजनीतिक दल आदिले गर्ने हो भन्ने बारेको हो । मेरा तेस्रा गुरु कार्ल मार्क्सले यसबारे यसो भने : इतिहासको निर्माता अरू केही वा कोही नभएर मानव नै हो । तर आफूले चाहे जस्तो इतिहासको सिर्जना गर्न मानव स्वतन्त्र छैन। ऊभन्दा अघिका सहस्र

पुर्खाहरूद्वारा निर्मित ऐतिहासिक प्रवाहको वजन र धार व्यक्तिगत इच्छा र कर्मले उचाल्न वा मोड्न नसकिने हुनसक्छ। अर्थात्, 'जहाँ इच्छा त्यहाँ उपाय' नहुन सक्छ। गृहिणी, किसान, नागरिक, राजनेता आदि इतिहासको प्रवाहको महत्त्वपूर्ण कर्ता वा निर्माता हुन्। तर चढ्दो ऐतिहासिक शृङ्खलाको धारका सामु यिनका उपाय भुत्ते प्रमाणित हुने यथेष्ट सम्भावना रहन्छ। इतिहासको प्रवाहको वेगको सामु यी पछारिन र बग्न सक्छन्। उता गिर्दो वा अवसान हुनै लागेको ऐतिहासिक प्रवाहको दौरानमा यिनको उपाय धारिलो र प्रभावकारी बन्न पनि सक्छ। यसै गरेर सामाजिक संरचना इतिहासका सबै विन्दु वा अवधिहरूमा उत्तिकै सुगठित र अभेद्य हुँदैन। चढ्दो ऐतिहासिक शृङ्खलाका संरचनाहरू अत्यन्त सुगठित र झन्डै अभेद्य हुन्छन् भने अवसानोन्मुख ऐतिहासिक शृङ्खलाका संरचनाहरू अन्तरविरोधग्रस्त र चिराचिरामा विभक्त हुन्छन्। सघन रूपले विभाजित संरचनाका कर्ताले यो विभाजनलाई शीघ्रता दिन र आफ्नो छाप छोड्न सक्छन्।

अब माथि वर्णन गरिएका र एक-आपसमा गाँसिएका ऐतिहासिक चेत सम्बन्धी उल्लिखित तीन सवालहरू नेपालका इतिहासका केही विन्दुहरूमा प्रयुक्त गर्न र त्यसो गर्दा ती विन्दुहरूबारे सम्भवतः बन्न सक्ने नयाँ दृष्टिकोण र नयाँ निचोडबारे छोटकरीमा विमर्श गर्न चाहन्छु।

(क) पृथ्वीनारायण शाहबाट कुरा थाल्नु उपयुक्त होला। लामो कालदेखि पृथ्वीनारायण शाहले नेपालको एकीकरण गरे भनेर पढिन्थ्यो। र उनको हैसियत बडामहाराजदेखि पनि बढाएर झन्डै दन्त्य कथाका महानायक र अलौकिक-दैविक तहमा पुऱ्याइएको थियो। र यस्तो अहिले पनि छ। यस्तो हुनु 'स्वाभाविक' पनि छ, यस अर्थमा कि धेरै मुलुकहरूमा यस्तै परिपाटी छ। तर हाल केही वर्ष यता आएर केही नेपालीहरूका लागि भने पृथ्वीनारायण शाह महाखलनायक र दानव बनेका छन्। यो तानातानमा भविष्यमा पृथ्वीनारायण कता पर्छन्, हेर्न बाँकी नै छ।

यी दुई पृथक्-पृथक् र अन्तरविरोधी दृष्टिकोण र विश्लेषणहरू एक अत्यन्त महत्त्वपूर्ण तहमा भने अन्तरविरोधी छैनन् । बरु समान दृष्टिकोण राख्ने किसिमका छन् । दुवै दृष्टिकोणहरू पृथ्वीनारायण शाहको एक्लो व्यक्तित्वमाथि केन्द्रित छन्। यीमध्ये एकले भन्छ, पृथ्वीनारायणले गरेर नै नेपाल बन्यो । अर्कोले भन्छ, पृथ्वीनारायणले गरेर नै हाम्रो साख गुम्यो। हाल पछिल्लो भनाइलाई छोडेर पहिलोमै केन्द्रित हुने हो भने सिङ्गो नेपालको एकीकरण एक जना पृथ्वीनारायणको वरिपरि सीमित तुल्याउने व्याख्याको औचित्य स्थापित नहुनुपर्ने हो । मैले अघि आफ्नो कमजोरी दोहोऱ्याइसकेको छु, म इतिहासकार होइन । यसैले मैले नेपालको एकीकरणबारेका सबै व्याख्याहरू पढेको छैन । तर यो एकीकरणलाई विश्व र दक्षिण एशियाली क्षेत्रमा आउँदै गरेको विशालतम र ऐतिहासिक परिवर्तनसँग नगाँस्दा, र माथिको भाष्यमा व्यष्टिमा मात्र ध्यान केन्द्रित गर्दा र समष्टिसँग नजोड्दा, नेपालको एकीकरणको बुझाइ सतही, दुर्बल, गलत र रहस्यमयी बनेको छ। पृथ्वीनारायण र उनको एकीकरणकाल विश्वकै र यस क्षेत्रको एक अत्यन्त विशिष्ट काल थियो। मुगल साम्राज्यको फुट र नाशको काल थियो त्यो । विश्वको सबैभन्दा बलियो साम्राज्य र पूँजीवादी प्रक्रिया बलियोसँग स्थापित हुँदै गरेको काल थियो त्यो। यस पूँजीवादी साम्राज्यले आफूमा कति तागत भर्दै थियो भन्ने तथ्य त यसैबाट आकलन गर्न सकिन्छ कि त्यसपछिको १५०-१२५ वर्षसम्म त्यसले 'सूर्य कहिल्यै नअस्ताउने मुलुक' को मान पायो र विश्वमा झन्डै एकछत्र राज गऱ्यो । उता भारत (र चीन समेत) विश्वमा सबैभन्दा उच्च उत्पादकत्व भएको मुलुकबाट आर्थिक रूपले छिटोछिटो गिर्दो स्थितिमा थियो। शायद ५०० भन्दा धेरै राजा-महाराजाको कोकोहोलो र विवाद रहेको भारत यो पूँजीवादी शक्तिलाई एकत्रित र संगठित हुँदै डटेर भिड्न र हराउन सक्ने स्थितिमा थिएन। बरु झन्डै हरेक राजा-महाराजा यो पूँजीवादी विश्वशक्तिसँग मिलेर छिमेकी महाराजा, राजा, रजौटा आदिलाई हराएर, धपाएर, निहुराएर

आफ्नो भविष्य सुरक्षित पार्न सकिन्छ कि भन्ने ताकमा तल्लीन थिए । नयाँ राज्य बन्ने र पुरानो राज्य भत्किने क्रम सघन र द्रुत दुवै बन्दै थियो । यस परिवेशले नेपाल र खास गरेर काठमाण्डौं उपत्यकाको अर्थतन्त्रमा अत्यन्त नकारात्मक असर पार्दै थियो । मल्लकालीन वैभव, सम्पदा र सभ्यता धराशायी हुँदै थियो । यसै कारण काठमाण्डौं उपत्यकाका दरबार, राजा र शायद जनताहरूबीच समेत गृहकलह चर्किंदै थियो। सम्भवत: यही प्रक्रिया काठमाण्डौं उपत्यका बाहेकका अन्य राज्यहरूमा पनि शुरू भएको थियो ।

यस विशिष्ट विश्वकीय, क्षेत्रीय र स्थानीय स्थान-अवधिमा हो नेपालको एकीकरण भएको । नेपालको निर्माण नितान्त एक 'बहादुर राजा' को कारणले अर्थात् कर्ताको बलले र स्थानिक कारणले मात्र किमार्थ भएको होइन । तसर्थ पृथ्वीनारायण र उनका लडाकु, भारदार आदिलाई उक्त स्थान-अवधिबाट चट्ट उठाएर उनीहरूसँग मात्र नेपालको एकीकरण जोड्दा ऐतिहासिक चेत गुमेको ठहर्छ। व्यष्टिलाई समष्टिसँग जोड्दा र स्थानिकतालाई पूर्ण नठान्दा मात्र यस्तो चेत हासिल हुन्छ । त्यसै गरेर पृथ्वीनारायणको जीवन कथा त्यस स्थान-अवधिको माथि उल्लिखित विशिष्ट किसिमको समाज, राजनीति, अर्थतन्त्र आदिका उतारचढावहरूसँग एकाकार गरेर हेर्दा मात्र सही रूपले आकलन गर्न सकिन्छ। अनि पृथ्वीनारायणको कर्ताको भूमिका खोतल्न पनि त्यस स्थान-अवधिको संरचनाको प्रवाहको सही आकलनले यथेष्ट मद्दत पुऱ्याउँछ ।

(ख) अब नजीकको इतिहासको विन्दुको आकलनको पुन: आकलन गरौं। स्कूले विद्यार्थीदेखि धेरै पठित नेपालीहरूलाई यो 'ऐतिहासिक पाठ' सिकाइएको हुन्छ : '१९५१ (२००७ साल) पछि मात्र नेपाल विश्वसामु खुलेको हो' । यस सिकाइको भाग यो पनि हुन्छ कि त्यसअघि नेपाल अन्धकारमय थियो। राणा प्रधानमन्त्री र राणा खलकले एकतन्त्रीय जहानियाँ शासन लाद्न त्यसो गरेका हुन् । शाह राजा हुनेबित्तिकै नेपालमा उज्यालो छायो,

आदि आदि । खास कुनै इतिहासकारले यही भाषामा लेखेको मैले पढेको छैनँ । तर आम 'ऐतिहासिक' बुझाइ यही हो ।

हो, जहाँसम्म अन्य मुलुकहरूसँगको दौत्य सम्बन्धको सवाल छ, १९५१ नै नभए पनि १९४७ सम्म नेपालको सम्बन्ध बेलायतसँग मात्रै थियो । तर यस बाहेक अन्य सबै पाटाहरूमा यो 'बन्द नेपाल' को निचोड अर्धसत्य हो वा झूटो हो । र यो अत्यन्त स्थानिक, समष्टिविनाको व्यष्टिमा आधारित निचोड र वर्णन हो। तत्कालीन 'बन्द नेपाल' को सही व्याख्या विश्वकीय, क्षेत्रीय आदि व्यापक प्रक्रियाहरूको आकलन अन्तर्गत मात्र हुनसक्छ ।

अठारौं शताब्दीको शुरूदेखि नै युरोपका सशक्त पूँजीवादी राज्यसत्ताहरू विश्वभरि औपनिवेशिक शक्ति बन्ने सुर र होडमा थिए । कालान्तरमा युरोपका ५-६ वटा मुलुक विश्वका झन्डै ८० प्रतिशत भूभागमा औपनिवेशिक सत्ता स्थापित गर्न सफल भए। औपनिवेशिक सत्ताको एउटा मुख्य विशेषता उपनिवेशभित्र आफ्नो पूर्ण एकाधिकार स्थापना गर्नु र अन्य औपनिवेशिक शक्तिलाई त्यहाँ छिर्नै नदिनु पनि हो ।

नेपाल औपचारिक रूपमा उपनिवेश बनेन । तर कतिपय हिसाबले यो अर्धउपनिवेश रह्यो । यो अर्धऔपनिवेशिकताबाट १९२३ को सन्धिले केही मुक्ति त दियो। तर विश्वको सबैभन्दा शक्तिशाली साम्राज्यसँग सीमा गाँसिएको नेपालको राज्यसत्तामाथि त्यस साम्राज्यको छायाँ नपर्ने र त्यस साम्राज्यको आदेश-सल्लाह आदि उल्लंघन गर्न सक्ने हैसियत हुने भएन । यो सीमित हैसियतका कारण समेत पनि नेपाल अरू मुलुकसँग हेमचेम गर्न र 'खुल्न' स्वतन्त्र थिएन । अरू मुलुकका सरकारी अधिकारी, व्यापारी आदिलाई खुला रूपले स्वागत गर्न समेत पनि नेपाल स्वतन्त्र थिएन। विश्वलाई अंशबण्डा गरे झैं बराबर गरेर बाँड्ने औपनिवेशिक शक्तिले खडा गरेको पर्खाल नाघ्न सक्ने ताकत विश्वभरि झन्डै कुनै पनि मुलुकको थिएन । यस अवस्थामा नेपालले त्यस्तो पर्खाल नाघ्न नसक्नु अचम्म थिएन । तर स्थानिकताद्वारा ओतप्रोत दृष्टिकोणले यो पूर्णता, विश्वजनिकता,

औपनिवेशिकता आदि र 'बन्द नेपाल' को तादात्म्य देख्ने कुरा भएन ।

'बन्द नेपाल' को दृश्यपटलमा गोरा पर्यटकहरूको अभावको पनि आभास हुन्छ । तर यो आभास गैरऐतिहासिक छ, विश्व संरचनाको यथार्थवाट टाढिएको छ । दोस्रो विश्व युद्धभन्दा अघि विश्वमै पर्यटनको आयतन अत्यन्त न्यून थियो । अर्थात् पर्यटन मूलतः १९४५ पछिको आविष्कार हो । नेपाल १९५१ भन्दा अघि पर्यटनका लागि 'नखुल्नु' स्थानिकतासँग नभएर विश्व परिप्रेक्षसँग सोझै गाँसिएको प्रक्रिया हो ।

'बन्द नेपाल'को अर्को पाटो झन् चाखलाग्दो, विश्वजनीन, औपनिवेशिकताजनीन र पूँजीवादी विकासजनीन छ । १९ औं शताब्दीको शुरूदेखि नै नेपालका कामदारहरूको श्रम धेरै हदमा 'खुला' थियो, बेलायत र बेलायती साम्राज्यवादी पूँजीवादका लागि । उत्तर-पूर्व भारतमा जङ्गल फँडानी र कफी र चिया खेतीको विस्तारमा यी श्रमिकहरू खुलारूपमा भर्ती भए । झन्डै यसै बेलादेखि कम्पनी र ब्रिटिश-भारतीय सेनामा पनि नेपाली युवकहरू खुला रूपमा भर्ती भए । यो भर्ती गैरकानुनी थियो । मृत्युदण्ड हुनसक्थ्यो । तर भर्ती रोकिएन । १८८५ मा भर्तीलाई नेपाल सरकारले कानुनी मान्यता दियो । प्रथम विश्वयुद्धमा करिब एक लाख र दोस्रो विश्वयुद्धमा करिब दुई लाख नेपाली युवकहरू ब्रिटिश-भारतीय सेनामा भर्ती भएर लडे । कैयन्ले ज्यान गुमाए । अरु धेरै अंगभंग भए । (यी सैनिकमध्ये केहीले लामै कालसम्म पेन्सन पनि थापे ।) विश्वमा सायदै कुनै मुलुक आफ्ना युवाहरूको र आफ्नो सार्वभौमिकता बारे यति 'खुला' थियो । तर पनि 'बन्द नेपाल' को मिथ्या ऐतिहासिकताले नाजायज वैधानिकता बोक्न छोडेको छैन । स्थानिकता-प्रधान, राष्ट्रवाद-प्रधान, एक किसिमको कुपमण्डुकता-प्रधान ऐतिहासिक (अ) चेतताले यस्तो दृष्टिकोण र निचोडमा हामीलाई पुऱ्याएको हो कि भन्ने आशंका गर्नु जायज छ भन्ने लाग्छ ।

अब अन्त्यमा अरु नजीकको र हालैको ऐतिहासिक घटना

माओवादी 'जनयुद्ध' को आकलनको पुनः आकलन गरौं । 'जनयुद्ध' मा छिर्ने बेलामा माओवादीले नेपालको ऐतिहासिक स्थिति र प्रक्रिया आकलन गर्दै घोषणा गरे, 'विश्वकीय लगायत क्षेत्रीय र नेपालको आफ्नै ऐतिहासिक परिस्थिति "जनयुद्ध" का लागि परिपक्व छ । "जनयुद्ध" छेड्न, नेपालको राज्यसत्ता प्राप्त गर्न र संचालन गर्न अपुग एउटै मात्र तत्त्व छ इच्छाशक्तिको, अठोटको, कर्ताको जिम्मेवारी बोक्ने र सुँडिनीको काम गर्नेको । "क्रान्ति" जन्मिन्छ र हुर्काउन सकिन्छ ।'

'जनयुद्ध' को बीचको अवधितिर उक्त अडानबारे आम नेपाली 'हो, कि' भन्ने स्थितिमा नदेखिएका होइनन् । 'जनयुद्ध' को अन्त्यमा पनि केही महत्त्वपूर्ण सफलता माओवादीले र सबै नेपालीले हासिल गरेकै हुन् ।

तर माओवादीको मूल उद्देश्य, ४० बुँदेदेखि नौलो जनवादसम्मको, प्राप्त भएन । वर्गीय समानता प्राप्त हुने त परै जाओस्, यो कार्यभारबाट माओवादी विमुख नै भयो । हाल पूँजीवाददेखि अन्य 'वाद' को सम्भावना देखिएको छैन । शब्दमा माओवादीले पूँजीवाद पचाउन र समर्थनको बोली निकाल्न सकेको छैन । तर सार्वजनिक नीति र नेताहरूको व्यक्तिगत व्यवहारमा पूँजीवादको नराम्रो चाहिं अनुहार छरपस्ट र सघन बनेको छ । नेतृत्वले 'विगतमा विश्व, क्षेत्र र मुलुकको इतिहासको गलत आकलन गरिएछ; अब भने छुट्टै बाटो अख्तियार गरौं' भन्न सकेको छैन । बुझेर पनि बुझ पचाइरहेको छ । समर्थकहरूमध्ये कतिपय 'नेतृत्वले गल्ती गऱ्यो, अब बाटो फेर्नुपर्छ' भन्ने स्थितिमा पुगेका छन् । तर कतिपय समर्थकहरू भने नौलो जनवादी र अन्य 'पुरानो माओवादी सत्य' को (गैर) ऐतिहासिकतामा अडेकै छन् । यो अड्काइ नेतृत्वलाई घाँडो बन्दै छ । किनकि 'जनयुद्ध' शुरू गर्दा ताकाको गैरऐतिहासिक चेत र अहिलेको सापेक्षिक रूपले सही ऐतिहासिक चेतका बीचमा ठूलो अन्तरविरोध, हजारौं समर्थक र अन्यको मृत्यु, पीडा, अंगभंग र उजाडिएको जीवन छ ।

देश कब्जा, काठमाण्डौं कब्जा, नेपाली सेना कब्जा आदि सबैमा असफलता हात लाग्यो । 'ट्रेन्च युद्ध' को कल्पना मिथ्या भयो । अरूका 'प्रभु' आफ्नै 'प्रभु' भए । आफ्नै सेनाभित्र हात हालाहालको स्थिति

बन्यो। नेतृत्ववाट गर्वसाथ सफेद झूट बोलेर ३० हजार पुऱ्याइएका आफ्ना लडाकुहरूमध्ये १,५०० जति मात्र नेपाली सेनामा छिर्ने भए। 'दुई वटा सेना' स्थापित गर्दै यसको समेत आडमा सत्ता संचालन गर्ने सम्भावना समेत फेल भयो।

यस्तो किन भयो ? यस्तो हुनुका कारणहरूका विभिन्न पाटा र तहहरू छन् नै। एउटा पाटो स्थानिक, आत्मपरक, कर्तापरक, व्यष्टिपरक चेत नै हो। उपयुक्त ऐतिहासिक विन्दु र उपयुक्त सामाजिक संरचना बेगर क्रान्तिकारीकर्ताले इतिहासको प्रवाहलाई उल्टो घुमाउन सकिन्छ भन्ने गैरऐतिहासिक र गैरसांरचनिक चेतको कारणले नै हो। पूँजीवादी अर्थव्यवस्थाको परिप्रेक्ष्यमा र यसभित्रै महारथ हासिल गर्दै गरेका दुई मुख्य र विशालतम मुलुकहरूको ठ्याक्कै मध्यविन्दुमा नौलो जनवादी र समाजवादी व्यवस्था स्थापित गर्न सकिन्छ भन्ने व्यष्टिवादी र असमष्टिवादी चेतको कारणले नै हो। कर्ता, चाहे त्यो प्रचण्ड कर्ता नै होस्, विशिष्ट ऐतिहासिक र सांरचनिक कर्ता मात्रै नै हुन सक्छ। ऐतिहासिक प्रवाह र सांरचनिक बन्देजबाट फुक्काफाल कर्ता कल्पनामा मात्र फस्टाउन सक्छ, जिउँदो-जाग्दो इतिहासमा सक्दैन।

अन्त्यमा, नेपालको इतिहासशास्त्र लगायत राजनीति समष्टि भन्दा धेरै बढी व्यष्टि, विश्वकीय र क्षेत्रीयभन्दा धेरै बढी राष्ट्रिय र स्थानिक, जगत् र समाजका विशिष्टताभन्दा धेरै बढी व्यक्तिका विशिष्टता, र ऐतिहासिक प्रवाह र सम्पूर्ण संरचनाका विशिष्टताभन्दा धेरै बढी कर्ताको विशिष्टतामा केन्द्रित हुन पुगेको हो कि भन्ने शंका मैले यहाँहरू सामु राखें। मलाई लाग्छ, यी सवालहरूमा एक किसिमको समदृष्टि र सादृश्य आवश्यक छ। धृष्टताका लागि र भुलचुक भएमा क्षमा पाऊँ।"

यति भनेर डा. मिश्र बसेपछि सुधा र ज्ञाननिष्ठद्वारा जगदम्बा-श्रीद्वारा सम्मानित संशोधन मण्डलका प्रतिनिधि श्री दिनेशराज पन्तलाई आफ्नो उद्‌गार राख्न अनुरोध गरियो। उहाँले पहिले संशोधन मण्डलको पुरानो परिचय दिनुभयो अनि आफ्नो मुद्रित उद्‌गार यसप्रकारले गर्नुभयो–







मदन पुरस्कार


मदन पुरस्कार

















"आदरणीय सभापतिज्यू, सम्मान्य प्रमुख अतिथिज्यू, मदन पुरस्कार गुठीका सदस्यहरू, मदन पुरस्कार विजेताज्यू, उपस्थित विद्वान् विदुषीहरू !

आज यहाँ 'जगदम्बा-श्री पुरस्कार' संशोधन मण्डलको तर्फबाट थाप्न आउँदा मलाई २५ वर्ष अगाडिको घटनाको सम्झना भइरहेछ। कुरा के भने वि.सं. २०४४ मा संशोधन मण्डलका संस्थापक पिताजी प्रा. नयराज पन्तले लिच्छवि संवत्को निर्णयको लागि मदन पुरस्कार यहीं पाउनुभएको थियो।

काशीमा सिद्धान्त ज्योतिषको उच्च तहको पढाइ पढ्दापढ्दै पिताजीले आफ्नो पढाइमा अपूर्णताको अनुभव गर्नुभएको र त्यसको निराकरणको लागि आफ्नो सङ्गतमा आएका विद्यार्थीहरूद्वारा वि.सं. १९९७ देखि त्रिखण्डी पद्धतिको परीक्षा पद्धतिको ठाउँमा ग्रन्थ कण्ठस्थ गर्ने परम्परा बसाउनुभएको कुरा विद्वज्जनमा अवगतै छ। प्राचीन ढङ्गले ग्रन्थ कण्ठस्थ गरी आधुनिक पद्धतिले शोध गरी मूल सामग्रीसम्मै पुगी प्रामाणिक ढङ्गले निर्णय गर्न सक्ने विद्वद्मण्डली खडा गर्ने उद्देश्यले उहाँले काम थाल्नुभएको थियो। २००७ सालको परिवर्तपछि प्रकाशन गर्ने स्वतन्त्रता मिलेकाले यस पद्धतिद्वारा वि.सं. २००९ आश्विन ५ गते पहिलो इतिहास-संशोधनको प्रकाशन भयो। यसरी अहिले ६० वर्ष पुगेर ६१ वर्षमा यो पद्धति चलिरहेको छ। संस्कृतका विभिन्न विषयको पुनरुद्धार गर्न शुरू गरिएको यस पद्धतिले सिद्धान्त ज्योतिष, व्याकरण आदि क्षेत्रमा केही काम गरे पनि इतिहास सम्बन्धी काम धेरै गरेकाले यसले इतिहास-संशोधन मण्डलको नाम पनि पाउँदै गयो। वि.सं. २०१८ मा अभिलेख-सङ्ग्रहको प्रकाशनको साथै संस्थागत रूपमा संशोधन मण्डलको नामबाट यस पद्धतिले काम गर्न थाल्यो र वि.सं. २०२१ देखि इतिहासप्रधान त्रैमासिक पत्रिका पूर्णिमाको प्रकाशन शुरू भयो।

अहिलेसम्म १३५ अङ्क प्रकाशित भएको पूर्णिमा पत्रिकाको यात्रा जारी छ। संशोधन मण्डलको नामले धेरैले यसलाई अरूको खण्डन गर्ने भन्ने मात्र बुझेका छन्। तर संशोधन शब्दले अन्वेषणलाई बुझाउने हुनाले यो अन्वेषण मण्डलको रूपमा स्थापित संस्था हो भनेर बुझ्नुपर्छ।

हाम्रो देशमा विद्याका विभिन्न क्षेत्रका विशेषज्ञहरू भए तापनि यहाँका विद्वान्हरूभन्दा बाहिरका विद्वान्हरू बढी जान्ने हुनाले गुरुकिल्ली विदेशी विद्वान्हरूकै हातमा रहेको कुरा हामी सबैले अनुभव गर्दै आएको हो । वि.सं. १९३७ मा भारतका भगवान्लाल इन्द्रजीले नेपालका २३ वटा उत्कीर्ण लेख छापेर प्रामाणिक सामग्रीको आधारमा इतिहास लेख्ने परम्परा शुरू गरे । त्यसलाई बेलायतका सेसिल बेण्डल र फ्रान्सका सिल्भीं लेभीले अघि बढाए । यताबाट नेपालको इतिहासको खोजीमा विदेशीहरूकै वर्चस्व त्यस बेलासम्म रहेको छर्लङ्ग हुन्छ ।

प्रा. नयराज पन्तले चलाउनुभएको पद्धतिद्वारा भने यसमा तात्त्विक परिवर्तन आयो । अभिलेख पढी तिनको अर्थ तथा व्याख्या गर्ने काममा विदेशी विद्वान्हरूभन्दा संशोधन मण्डल परम्परामा दीक्षितहरू बढी प्रामाणिक ठहरिन थाले । विदेशी विद्वान्हरूले पनि यसको अनुभव नगरेका होइनन् । संशोधन मण्डलको पद्धतिले विधाको सानै क्षेत्रमा भए पनि विदेशीहरूलाई गुरु नमानी बरु विदेशीहरूले नेपालीहरूलाई गुरु मान्नुपर्ने अवस्था आयो र यो नेपालको लागि गौरवको कुरा हुनगयो । यसो भए पनि देश, काल र परिस्थिति क्रमश: प्रतिकूल हुँदै जानु र त्यसमा पनि मुख्यतया हामीहरू जो यस काममा लागेका थियौं, उनीहरूको कमजोरीले यसले झाँगिन पाएन र अहिले यो पद्धति मुख्यतया पूर्णिमाको प्रकाशनमा नै सीमित छ । यस पद्धतिलाई जोगाउनेतिर समयमा सम्बद्ध सबैको यथोचित ध्यान गएको भए यसले संस्कृत विषयसँग सम्बद्ध केही कुरामा नेपाललाई आत्मनिर्भर बनाउँथ्यो र सबै विषयमा दैन्य भोग्दै आएका हतभाग्य हामी नेपालीहरूले केही विषयमा भने शिर ठाडो पारेर हिंड्ने अवस्था हुन्थ्यो । यसो हुन सकेन तापनि 'जगदम्बा-श्री पुरस्कार'को सम्मानले संशोधन मण्डलको नामै नसुनेका तथा पहिले सुनेर पनि क्रमश: बिर्सिसकेकामा संशोधन मण्डलप्रति चाख बढाउनुको साथै हामीलाई पनि पूर्णिमा आदिको प्रकाशनमा केही सजिलो हुने भएकाले पुरस्कारको लागि योग्य सम्झेकोमा मदन पुरस्कार गुठीलाई धन्यवाद दिन्छौं ।

वि.सं. २०१८ मा गल्लीमा फ्याँकिएका कसिङ्गर, वि.सं. २०१९ मा इतिहास-संशोधनको प्रमाण-प्रमेय तथा वि.सं. २०२५, २०२८ मा

श्री ५ पृथ्वीनारायण शाहको उपदेश (१-५ खण्ड), संशोधन मण्डलले तयार गरेका यी ३ पुस्तक जगदम्बा प्रकाशनद्वारा प्रकाशित गरिदिएर मदन पुरस्कार गुठीले शुरूदेखि नै यस पद्धतिमा सहयोग गरेको हो। पूर्णिमा प्रकाश गर्दा कहिले मासिक रु. ४००/-, कहिले रु. ५००/- र कहिले रु. १,०००/- को दरले मदन पुरस्कार गुठीले सहयोग गर्दै आएको कुरा यस प्रसङ्गमा स्मरणीय छ। मदन पुरस्कार गुठीको संशोधन-मण्डल पद्धतिप्रतिको त्यही सद्भावनाको माथिल्लो खालको कडीको रूपमा यस 'जगदम्बा-श्री पुरस्कार'लाई संशोधन मण्डलले ठानेको छ र त्यसको लागि मदन पुरस्कार गुठीप्रति पुनः कृतज्ञता व्यक्त गर्दछ।

अन्त्यमा आदरणीय सभापति लगायत यहाँ उपस्थित सबैलाई धन्यवाद व्यक्त गर्दै आफ्नो वक्तव्य यहीं टुङ्ग्याउँछु।"

यसरी श्री दिनेशराज पन्तले आफ्नो वक्तव्य टुङ्ग्याएपछि मदन पुरस्कारद्वारा सम्मानित श्री अमर न्यौपानेले यसरी आफ्नो उद्गार पोख्नुभयो–

"यस गरिमामय समाहरोहका श्रद्धेय सभापतिज्यू एवं मदन पुरस्कार गुठीका अध्यक्षज्यू, प्रमुख अतिथिज्यू, गुठीका सदस्य-सचिवज्यू, संशोधन मण्डलका प्रतिनिधिज्यू, मदन पुरस्कार गुठीका सदस्यहरू, कला, साहित्य, संस्कृति पत्रकारिता, समाजसेवा लगायत विभिन्न क्षेत्रका साधक तथा सम्पूर्ण महानुभावहरू, सबैमा म हार्दिक नमन गर्दछु!

गरिमामय 'मदन पुरस्कार'द्वारा 'सेतो धरती' उपन्यास पुरस्कृत हुँदा लागिरहेछ, समस्त युवा पुस्ता पुरस्कृत भइरहेछ। मसँग विभिन्न नातासम्बन्धले जोडिएका प्रत्येक व्यक्ति, यतिन्जेल म बाँचेको प्रत्येक परिवेश र घटनाहरू पनि पुरस्कृत भइरहेछन्। समस्त नेपाली साहित्य पुरस्कृत भइरहेछ। सबैभन्दा बढी त ती बालविधवा आमाहरू पुरस्कृत भएका छन्, जसको जीवनका पाइलाहरूले लेखेको कथालाई मैले त टुक्राटुक्रामा धेरै ठाउँमा छुटाएर बिम्बका रूपमा मात्र प्रस्तुत गरेको छु। म त निमित्त मात्र हुँ।

आफू बाँचेको अस्तित्व लेखनबाट नै देखाउँछु भन्ने अन्तरप्रेरणाले

लेखिरहँदा पाठकहरूबाट त ऊर्जा पाइरहेको थिएँ। यस्ता गरिमामय पुरस्कारहरूले मलाई संस्थागत ऊर्जा थपिदिएका छन्। यो पुरस्कार सबै पाठकहरूले दिएको ऊर्जाको योग हो भन्ने ठानेको छु। यसका लागि मदन पुरस्कार गुठीप्रति हार्दिक आभार व्यक्त गर्दछु।

साहित्यिक यात्राको यो पहाडी बाटोमा हिंड्दै गर्दा म एउटा पहाडी थुम्कोमाथि उभिएर, कहिले आफूले हिंडेर आएको घुमाउरो बाटो फर्केर हेरिरहेछु, कहिले अब हिंड्नुपर्ने उकालो बाटो हेरिरहेछु। यतिन्जेलको यात्राभन्दा अबको उकालो यात्रा अरू जिम्मेवारीपूर्ण र चुनौतीपूर्ण रहेको महसुस भइरहेछ।

सम्झिरहेछु,

सानो छँदा 'क' लेख्नुअघि बालुवामा साँढेको चित्र औंलाको कुचीले बनाएको तर त्यो चित्र एकैछिनमा पानीले बगाएर लगेको। लगे पनि त्यो चित्र अझै मेरो मनको भित्तामा उस्तै छ।

सम्झिरहेछु,

बा नभएको बेलामा राति आमाले 'गौरी' खण्डकाव्यका श्लोकहरू भाका हालेर कारुणिक लयमा गाउँदा र गर्मी महिनामा बाले निमपत्ताको बोटमुनि बसेर सबैलाई 'नासो' कथासङ्ग्रहका कथाहरू सुनाउँदा म घुँक्कघँक्क रोएको।

स्कूलबाट फर्केपछि जाँगेको खल्तीमा भुटेको मकैभट्मास राखेर हातमा अङ्ग्रेजीको मानेको कापी लिई भैंसी चराउन गएको।

खेतमा घामपानी सहँदै खनजोत गरेको, बाले लैनो भैंसी किनेर ल्याउनुहुन्छ भनेर मकैबारीमा दिनभरि घाँस काटेको तर बेलुका बा रित्तै फर्कनुभएको।

सम्झिरहेछु,

खरको भारी बोकेर रापती नदी तर्दा माझतिर आइपुगेपछि नाइटोसम्म डुबेको, पानीले भारी हलुका बनाइदिएको र त्यही बेलामा नदीका चिप्ला ढुङ्गामा चिप्लिएर भारी मेरो पिठ्यूँबाट पल्टेर पानीमा डुबेको अनि एक जना दाइले मेरो भारी तान्दै किनारसम्म ल्याइदिएको। त्यसपछि त भारी पहिलेभन्दा झन्डै दोब्बर गह्रुँगो भएको थियो।

हिंड्दाहिंड्दै जिन्दगी कतै लड्यो भने त्यसलाई उठाएर फेरि हिंड्दाखेरि सायद जिन्दगी पनि पहिलेभन्दा झन्डै दोब्बर गह्रुँगो हुन्छ।

यस्ता अनेकौं भोगाइहरू मेरो मनमा चित्र र कथा बनेर मसँगसँगै मेटिने गरी मेरो मनमस्तिष्कमा लेखिएका छन्, जसले मलाई लेख्नका लागि सधैंसधैं ऊर्जा दिइरहन्छन् ।

निदाएको बेला म तन्द्रालु सपना देख्छु । जागा अवस्थामा प्रायः म साहित्यको सपना देख्छु। जुनसुकै होस्, सपना मलाई सुन्दर कविताभन्दा पनि सुन्दर लाग्छ। जसले बिम्बका माध्यमबाट जीवनका बारेमा धेरै कुराहरूको सङ्केत गर्दो रहेछ। तर त्यो सङ्केत बुझ्न कस्तो गाह्रो। सपनाको बिम्ब त कविताको बिम्बभन्दा पनि जटिल हुँदो रहेछ ।

सधैं मलाई अभौतिकताले भौतिकतामाथि लेख्न प्रेरित गर्दछ। तर भौतिकतालाई आफूभित्रको ताप र राफले पगालेर मसी बनाई लेख्न नसक्दासम्म मलाई त्यो साहित्य लाग्दैन ।

मलाई अरूको सुन्दर साहित्यिक सृजनामा डुब्न असाध्यै मन पर्छ। तर पौडी खेलेर पाखामा आएको मान्छे एकैछिनमा ओभाएझैं डुबेर पाखामा आएपछि केही समयमा नै आफ्नो सृजनामा ती सुन्दर कृतिहरू ओभाएकै मन पर्छ ।

'पानीको घाम' र 'सेतो धरती' यी दुवै आख्यान मैले स्थलगत रूपमा पात्रहरूसँगको सङ्गतले तयार गरेको हुँ। तर दुवै आख्यानमा आन्तरिक चित्रणको प्रधानता रहेको छ। बाहिरी परिवेश र पात्र अध्ययन गरिने विषय हुन्, जसको स्पर्शले लेखकको हृदयको घण्टी बज्दो रहेछ। लेखकभित्र ध्वनित हुने त्यही चरम र गहन ध्वन्यात्मक अनुभूति नै साहित्य हो ।

लेखक पहेंलो रङ हो भने पात्र नीलो रङ । दुवै रङलाई मिसाएपछि हरियो रङ बन्छ । त्यही हरियो रङमा नै म आफ्नो मौलिकता पाउँछु ।

साहित्यमा कुनै एक रङको मात्र चित्रण मलाई मन पर्दैन। श्यामश्वेत सिर्जना त झन् मनै पर्दैन। जसरी जीवन र प्रकृतिमा असङ्ख्य

रङहरू हुन्छन्, त्यसरी नै साहित्यमा पनि असङ्ख्य रङहरू हुन्छन् । जीवन र जगत्का प्रत्येक रङलाई म आफूलाई जत्तिकै प्रेम गर्छु ।

प्रत्येक वनस्पतीको पात हरियो भएर पनि प्रत्येकको हरियो फरक फरक भएजस्तै संसारका प्रत्येक मानिसको चरित्र र अनुहार पनि फरकफरक हुन्छ । एउटै बोटमा पनि हाँगाको टुप्पो र फेदतिर को पातको हरियो फरकफरक भएजस्तै एउटै व्यक्तिका पनि पुराना र नयाँ चरित्र फरकफरक हुन्छन् । यही फरकपनले मलाई लेख्न प्रेरित गर्छ ।

धेरै रङहरूको त नाम नै हुँदैन । मलाई ती अनाम रङहरूलाई नयाँ नाम दिन मन पर्छ । मलाई विभिन्न रङ मिसाएर नयाँ रङ बनाउन मन पर्छ । त्यही नयाँ रङ नै आफ्नो सिर्जना होस् भनेर म साहित्य लेख्छु ।

मेरो विचारमा सामान्यतया तीन प्रकारले आख्यान लेखिन्छ । घटनाप्रधान, अनुभवप्रधान र अनुभूतिप्रधान । घटनाप्रधान हुनु भनेको समाचारको विकसित रूप मात्र हो, एक किसिमको रिपोर्ताज । अनुभवप्रधान हुनु भनेको अनुभूतिको कच्चा रूप हो नौनी घिउ जस्तो, जुन खारिएको हुँदैन । अनुभूतिप्रधान हुनु भनेको खारिएको जीवन अनुभव, जो कोमल रूपले जीवनदर्शन बनेर नजानिंदो गरी पात्रको भोगाइबाट आएको हुन्छ । अनुभूति जीवनलाई निचोरेर, पकाएर निकालिएको त्यो बाफ हो, जो जति धेरै समय राख्यो त्यति ताजा र मूल्यवान् हुँदै जान्छ, उच्चस्तरको रक्सी जस्तै । अनुभूतिको गहन अभिव्यक्ति त प्रेम जस्तै कोमल र मदिरा जस्तै लाग्ने हुन्छ ।

सिद्धान्त भन्ने कुरा जीवनजगत्लाई हेरेर बनाइएको कठोर नियम हो । साहित्य त जहिले पनि सिद्धान्तभन्दा अगाडि बढेर कुद्छ, पहाडलाई पछाडि छोडेर नदीहरू अगाडि बगेझैं । सिद्धान्तलाई अघि लगाएर साहित्य हिंड्दैन ।

साहित्य त कोमल हुन्छ पानी जस्तै तर शक्तिशाली, जसले सिद्धान्तका कठोर ढुङ्गाहरू फोरेर बालुवा बनाइदिन्छ । साहित्यमा जीवन लेखेर कहिल्यै नजाने प्राण भर्न सके त्यो कालजयी हुन्छ ।

साहित्यले मलाई जीवन बुझ्न सघाएको छ र जीवनले साहित्य लेख्न प्रेरित गरेको छ ।

मलाई लाग्छ, साहित्यमा विचार अनुभूतिभित्र छोपिएर मात्र आउनुपर्छ। जसरी अस्तिपञ्जरबिना हाम्रो शरीर उभिन सक्तैन, त्यसरी नै विचारबिनाको साहित्य पनि उभिन सक्तैन। तर साहित्यमा विचार नदेखिने गरी आउनुपर्छ, जसरी हाम्रो शरीरको अस्थिपञ्जर देखिँदैन। विचार बाहिर नै छर्लङ्ग देखियो भने त्यो कुरूप र भद्दा हुन्छ। त्यसैले त्यसलाई छोप्न उच्च कला र अनुभूतिको तीव्रता चाहिन्छ।

लागिरहेछ, म अहिले दुई प्रकारको सास फेरिरहेछु - एउटा हावाको अर्को साहित्यको । यी दुवै सास फेराइले नै मलाई बचाइरहेछन्। तर हावाको सास फेर्न छोडेपछि पनि फेरिरहने सास भनेको साहित्यकै सास हो ।

प्राप्ति महत्त्वपूर्ण हुन्छ। सायद प्राप्तिलाई जोगाइराख्न कठिन हुन्छ। अबको मेरो साहित्यिक यात्रा यही कठिनाइसहितको हुनेछ, जुन कठिनाइलाई म आफूलाई जत्तिकै प्रेम गर्छु र गर्नेछु। मैले गरेको प्रेमको न्यानोले ती कठिनाइलाई पगाल्नेछ भन्ने आत्मविश्वास पनि मलाई प्राप्तिले नै दिएको छ। त्यसैले मेरो लागि पुरस्कार विश्राम होइन, साहित्यिक यात्रामा अरू अगाडि बढ्नका लागि चाहिने ऊर्जा हो।

मलाई लेख्नका लागि पारिवारिक संस्कार दिनुहुने बाआमा, दिदीभिनाजु, भान्जाभान्जी तथा साहित्य सिर्जनाका लागि उत्साहित बनाइदिनुहुने साहित्यिक दाजुहरू विष्णुविभू घिमिरे, कृष्ण धरावासी, गोपी सापकोटा, रवीन्द्र समीर लगायतका सम्पूर्ण अग्रजहरू, मेरो लेखनमा कसी लगाउन सुझाउने सहृदयी मित्रहरू बालकृष्ण थपलिया, युगराज वस्ती, सरस्वती प्रतीक्षा लगायत मेरा सम्पूर्ण समकालीन साथीहरू र मलाई सधैं दाइलाई जस्तै व्यवहार गर्ने प्रिय भाइहरू जनकराज सापकोटा, भूमीश्वर पौडेल लगायत मेरा सम्पूर्ण अनुज पुस्ताका भाइबहिनीहरूको साथ पाउँदा मैले आफूलाई धन्य सम्झेको छु।

पुरस्कृत कृति 'सेतो धरती' प्रकाशनको महत्त्वपूर्ण जिम्मेवारी लिइदिने फाइन प्रिन्ट प्रकाशनका सदस्यहरू अजीत बराल, नीरज

भारी र सुवर्ण हुमागाईं, जसले किताबलाई भौतिक अस्तित्व दिएर नेपाली साहित्य र नेपाली साहित्यका पाठकहरूलाई प्रदाान गर्नुभएको छ। उहाँहरू नेपाली साहित्यकै धन्यवादको पात्र हुनुभएको छ।

यस वर्ष 'जगदम्बाश्री पुरस्कार'द्वारा सम्मानित हुने साठी वर्ष पुरानो संस्था 'संशोधन मण्डल' सँगसँगै 'सेतो धरती' उपन्यास 'मदन पुरस्कार'द्वारा सम्मानित हुँदा अत्यन्त गर्व लागेको छ। आजसम्म गरेको विशिष्ट योगदानका लागि 'संशोधन मण्डल' 'जगदम्बाश्री पुरस्कार'द्वारा सम्मानित भएकोमा संस्थाका सबै सदस्यहरूलाई हार्दिक बधाई व्यक्त गर्दछु।

धन्यवाद !"

उहाँले धन्यवाद भनेर बसेपछि श्री कमल दीक्षितले लेखेका र जगदम्बा प्रकाशनले छापेका दुई पुस्तक सम्मानित व्यक्तिहरूलाई रातो बङ्गलाको कक्षा २ मा पढ्ने सुश्री ......................शर्माले टक्र्याइन् र उक्त "आशीर्वाद" र "घात हुनेछैन" नामक दुई पुस्तक विधिवत् विमोचन भएको मानियो। त्यसपछि अध्यक्षज्यूसँग आज्ञा लिई कार्यक्रम पुस्तिकामा नभएको एउटा अतिरिक्त कार्य गरियो। त्यो थियो गुठीको भगिनी संस्था मदन पुरस्कार पुस्तकालयका कार्यकारी निर्देशक श्री अमर गुरुङको मपुपु सम्बन्धी एउटा सानो जानकारी। उहाँले यसो भन्नुभयो...................... ।

त्यसपछि समारोहको अन्त्यमा गुठीका सदस्य-सचिव श्री कुन्दमणि दीक्षितबाट धन्यवाद ज्ञापन भयो। उहाँले भन्नुभयो–

"आदरणीय अध्यक्षज्यू, डा. चैतन्य मिश्रज्यू, दिनेशराज पन्तज्यू, अमर न्यौपानेज्यू र उपस्थित विद्वद्वर्ग,

यस वर्षको पुरस्कारको घोषणा भएपछि मैले मात्र होइन, गुठीसँग सम्बन्धित हामी सबैले मुरीका मुरी धन्यवाद खाइरहेका छौं। त्यो बधाई र धन्यवादको ओइरो हाम्रो कारणले होइन जस्तो लाग्छ। किनभने हाम्रो काम गराइ त उही हो, पोहोर परार नगरेको कुनै नयाँ कुरा गरेका थिएनौं। त्यसै हुँदा हामीले यतिका प्रशंसा र जस पाउनु तपाईंहरू दुईकै कारणले हो कि भन्ने लागेको छ। त्यसैले म सर्वप्रथम धन्यवाद तपाईंहरूलाई नै टक्र्याउँदछु। त्यसमा पनि अमर

न्यौपानेजीलाई म विशेष धन्यवाद भन्छु किनभने उहाँले त हामीहरूलाई नवयुवा ऊर्जा थपिदिनुभएको छ ।

डा. मिश्र, हामीले तपाईंको ओजस्वी प्रवचन सुन्यौं। सामाजिक ज्ञानका भण्डार तपाईं। तपाईंको ज्ञानबाट जे जति यहाँ आज तपाईंले बाँड्नुभयो, त्यसबाट हामी जस्तै यहाँ उपस्थित सबैलाई लाभ भयो होला भन्ने मलाई लाग्छ। तपाईंलाई धेरै धन्यवाद छ।

गुठीका मेरा अग्रज तथा मार्गदर्शक सदस्यज्यूहरूप्रति म अत्यन्त कृतज्ञ छु । किनभने नेपाली भाषा र साहित्यका फाँटमा साना मसिना गाँठाहरू बुझ्न र फुकाउन उहाँहरूले मलाई अत्यन्त धैर्यका साथ सिकाउनुभएको छ, सहयोग गर्नुभएको छ। यस अवसरमा म उहाँहरूलाई आदरपूर्वक धन्यवाद-ज्ञापन गर्दछु । गुठीका कार्यालय-सचिव, गजेन्द्रजीप्रति म विशेष रूपले कृतज्ञ छु, किनभने गुठीको संस्थापन कालदेखि नै उहाँ संलग्न हुनुहुन्छ र गुठी तथा पुरस्कारका विषयका सबभन्दा ठूलो जानकार व्यक्ति (रिसोर्स-पर्सन) नै हुनुहुन्छ। मैले उहाँबाट धेरै कुरा सिकेको छु ।

गुठीका दुई उपसमितिका मेरा आदरणीय अग्रज सदस्यज्यूहरूलाई धन्यवाद धेरै धन्यवाद। उहाँहरू जुन लगन र निष्ठाका साथ काम फत्ते गर्नुहुन्छ, त्यो देखेर मैले पनि उहाँहरूबाट धेरै सिकेको छु। यसै पनि आएका एक सयभन्दा बढी सङ्ख्याका पुस्तकहरूलाई जसरी धैर्यका साथ उहाँहरूले छिमल्दै जानुभयो र अन्त्यमा जसरी उचित निष्कर्षमा पुगी उपयुक्त चयन गराउनुभयो, त्यसले ऐले पाएको प्रशंसा र स्वाबासी देख्दा उहाँहरूलाई जति धन्यवाद गरे पनि पुग्दैन।

जगदम्बा प्रेस रानी जगदम्बाले नै स्थापना गरेको संस्था हो। अत: त्यसका पदाधिकारी र स्टाफ मदन पुरस्कारप्रति सहयोगी छन् र सबै प्रकारले सहायता गर्छन्। जगदम्बा प्रेसका ती सबै सहृदयीहरूलाई पनि धन्यवाद भन्नु मेरो कर्तव्य हुन्छ ।

रातो बङ्गलालाई त धन्यवाद भनेर मात्रै पुग्दैन। यो हाम्रो कार्यक्रम गर्न यो भव्य थिएटर उपलब्ध गराउनुका साथै, तल जलपानको बन्दोबस्त इत्यादि सबै स्कूलले गरिदिएको हो। आजको

यो कार्यक्रमका हाम्रा दुई जना 'एमसी' भैदिनुभएका गुरु गुरुआमाहरू पनि यसै स्कूलका हुनुहुन्छ। हामी तपाईंहरूप्रति कृतज्ञ छौं।

आदरणीय पाहुनाहरूले पनि यहाँ उपस्थित भैदिएर हाम्रो सम्मान बढाउनुभएको छ। सबैलाई धन्यवाद।

अध्यक्षज्यूका आज्ञाले अब यो समारोह टुङ्गियो। जय होस्!"

– गजेन्द्रनाथ रेग्मी
म.पु. गुठी
कार्यालय सचिव

# जगदम्बा महाकाव्य पढ्दा

– सदानन्द अभागी, नवलपरासी

*[जगदम्बा महाकाव्य मदन पुरस्कार गुठीको स्वर्ण जयन्तीका अवसरमा २०६२ सालमा मदन पुरस्कार स्वर्णवर्ष समितिले प्रकाशन गरिदिएको पुरस्कार- संस्थापिकामा चढाएको श्रद्धा पुष्पाञ्जली हो। यसका बारेमा कसैले कतै क्यै लेखेर टीकाटिप्पणी गरेको पढिएको थिएन। ऐले अचानक नवलपरासी कावासोतीका कृषि वैज्ञानिक (मृत्तिका-विज्ञ) साहित्यिक सदानन्द जैशी (अभागी) को आँखा पर्न गएछ र उनले महाकाव्य पढ्दा आफ्नो मनमा उदाएका भावना अक्षरमा कोरेछन्। त्यो उनको उद्धार-पत्र हाम्रो हात पऱ्यो। आफ्ना संस्थापिका आदर्श नारीका विषयमा लेखिएको लेख भएकाले त्यसलाई जस्ताको तस्तै 'नेपाली'मा छाप्ने निधो गऱ्यौं। यसअघि यी विद्वान् वैज्ञानिक कविका कुनै लेख रचना हामीले छाप्ने मौका पाएका थिएनौं। यद्यपि सदानन्द जैशीका नामबाट प्राविधिक र सदानन्द जैशीका नामबाट साहित्यिक गरी यिनले लेखेका सानाठूला गरी ३६ ओटा कृति मपुपु-मा दर्ता भएका देखिन्छन्। – सम्पादक]*

## परिचय

महाकाव्यकार माधव वियोगीको यो जगदम्बा महाकाव्यभन्दा पहिला महाकाव्य, खण्डकाव्य, गजल, कवितासङ्ग्रह, गीतगजलसङ्ग्रह, निबन्धसङ्ग्रह महाकाव्यको साथै थुप्रै लेख रचनाहरू प्रकाशित भैसकेका छन्। उनले नेपाली साहित्यलाई विविधखाले छन्दको प्रयोगबाट सिङ्गारिरहेका छन्। उनको यो तेस्रो महाकाव्य हो। जीवित व्यक्तिलाई नायक बनाएर महाकाव्य लेख्ने व्यक्ति पनि माधव वियोगी नै हुन्। उनको कथनमा महाकाव्य यस्तो हुनुपर्छ भन्दछन्– *महाकाव्य लेखन नियमबद्ध हुनुपर्दछ। महाकाव्यमा धिरोदात्त गुणयुक्त प्रशिद्ध नायक युगसापेक्ष चिन्तन कम्तीमा आठ सर्ग हरेक सर्गमा कम्तीमा एक पृथक् छन्द, हरेक सर्गमा १०० श्लोकको आवश्यकता पर्दछ।* उनका महाकाव्यलाई उनकै अभिव्यक्ति सरह नै हामीले अध्ययन गर्न पाउँछौं। यस महाकाव्यमा २८२ पृष्ठ,

१८ सर्ग, २४४८ श्लोकको साथै सबैभन्दा थोरै श्लोक १०१ (पन्ध्रौं सर्ग) र धेरै श्लोक २०६ (पाँचौं सर्ग) भएको देखिन्छ।

उनले महाकाव्यको लागि छनौट गरेका नायिका रानी जगदम्बाको नाम, नेपाली भाषा साहित्य, धर्म दान, समाज सेवा, शिक्षा स्वास्थ क्षेत्रमा, कहीं न कहीं जोडिएर आएको पाउँछौं। यिनै दानशील रानीको नाममा रचिएको हो यो महाकाव्य। यो महाकाव्य मदन पुरस्कार स्वर्णवर्ष समितिले प्रकाशन गरेको छ। मूल्य रू. २००/– राखिएको छ।

**महाकाव्यमा प्रयोग गरिएका छन्दहरू**

महाकवि माधव वियोगी छन्द बचाऊँ अभियान (२०५३) का संचालक हुन् र उनले यो महाकाव्यमा पनि २५ वटा छन्दको प्रयोग गरेका छन्। उनले छन्दमा निकै महत्त्व दिएका छन् तर एउटा कुरा मलाई के लाग्छ भने छन्द मर्न आँटेको भने अवश्य हैन र छैन। छन्द हिजो धेरै प्रयोगमा थियो आज कम प्रयोगमा छ र भोलि पनि छन्दको प्रयोग भै नै रहन्छ। छन्द कसैले मारेर मर्दैन तर यसको प्रयोगमा बढावा दिनको लागि, यसको संवर्धनको लागि भने सरकारी स्तरबाटै नेपाली साहित्यको अध्ययनमा बढावा दिन आवश्यक छ। राज्यले नेपाली साहित्यलाई संवर्धन गर्न र छन्दलाई प्रयोगमा ध्यान दिँदैन भने छन्द बचाऊ अभियानले मात्र छन्दको संवर्धन हुन सक्दैन। केही छन्दका ज्ञाताले छन्दको नाममा नेपाली साहित्यमा आएको गद्यकविता लेखनको लहरलाई खुम्च्याउने अवधारणामा विरोध भने आउनुहुँदैन।

अब यस महाकाव्यतिरै बढ्नु राम्रो होला। यस महाकाव्यमा वियोगीले महाकाव्य कस्तो हुनुपर्दछ भन्ने धारणा माथि राखेका थिए, उनले महाकाव्यको नियमलाई व्यवहारमा पनि उतारेका छन्। उनले हरेक सर्गमा प्रयोग गरेका छन्दहरूको सूत्र अर्थात् अक्षर संख्या, विश्राम, गण र गण संकेत समेत प्रस्तुत गरेका छन्, जसले गर्दा छन्द प्रयोग गर्न चाहने व्यक्तिको लागि मार्गदर्शन समेत बनेको छ यो महाकाव्य। यस महाकाव्यमा प्रयोग गरिएका छन्दहरू यस प्रकार

छन्– शार्दूलविक्रीडित, अनुष्टुप, चौपाई, इन्द्रवज्रा, इन्द्रवंशा, रोला, हारिणी, मन्दाक्रान्ता, शिखरिणी, उपजाति, कर्खा, वसन्ततिलका, ज्याउरे, पृथ्वी, तोटक, रविपूला, पुष्पिताग्र, स्वागता, मालिनी, लीलावती, प्लबङ्गम, छाया, उपेन्द्रवज्रा, शालिनी, वंशस्थ ।

## महाकाव्यको सारसंक्षेप

महाकाव्यको मङ्गलाचरणबाट थालनी भएको छ । महाकविको धारणामा राम्रा काम गर्ने व्यक्ति देवतातुल्य हुन्छन्। वास्तवमा सत्कर्मले नै मानिलाई माथि उठाउँछ। उनको धारणामा समाजसेवाको क्षेत्र व्यापक छ र देवीदेवता सबै समाजसेवी भएको र जगदम्बा पनि समाजसेवामा विश्वकै इतिहासमा उच्च नाम भएकोले नायिकाको रूपमा ग्रहण गरेको धारणा राख्दछन्। उनी ऊर्जाशील जीवनको धारणा राख्दछन्। जीवनबोध राष्ट्रबोध, शान्तिको चाहना, दीनदुखीप्रति दया, विकृतिको अवशान, सुकृतिको देदीप्यमान आदि वाक्यबाट आफ्नो दर्शनलाई प्रष्ट पारेका छन् । महाकविको दर्शन भनेको देश संस्कृति, कला र मानिस उत्तम बनोस् भन्ने रहेको छ । यसका लागि बालकृष्णको दर्शनबाट कला सिक्ने, वासुदेव, मुकुन्द, अलिमियाले हियमा फल दिने, मोतीराम, लेखनाथ धरणीले वर दिने, भानु सिद्धि र धर्मराजले भर दिने भनेर आशीर्वादको कामनामा चिन्तन/विनय/आग्रह गरिएको छ र विषयवस्तुतिर काव्यकार लागेका छन् । महाकाव्यकारले नायिका (रानी जगदम्बाको जन्मदेश भारतको वर्णन, जगदम्बाको जन्मस्थल खगाइजोतको वर्णन, जगदम्बाको कर्मदेश नेपालको वर्णन, कुलको महात्म्य, जगदम्बाको जन्मकुलचर्चा (जगदम्बा वीरेन्द्र सिंहकी नातिनी, चन्द्रपाल र चन्द्रप्रभाकी सुपुत्री), जगदम्बाको कर्मकुलचर्चा (चन्द्रशमशेरकी कान्छी बुहारी र मदनशमशेरकी पत्नी), धर्मसंस्कार (हिन्दू धर्म), जगदम्बाको जन्म (श्रावण मैना, गुरु पूर्णिमाका दिन खगाइजोतमा), छैटीको उमङ्ग, न्वारन-संस्कार, जगदम्बाको बाल्यावस्था (शिक्षा घरमै) जगदम्बाको विवाह-प्रसङ्ग (मदन-जगदम्बाको वैशाख मसान्तमा बिहे भयो), दरबारमा जगदम्बाको बिग्रँदो स्थिति (मदनको मानिकञ्जरीसँग सम्पर्क बढेपछि र मानिकञ्जरीले छोरी जन्माएपछि जगदम्बाको मदन र सासू दुवैसँग सम्बन्ध राम्रो हुन सकेन), जगदम्बाले आश्चर्यजनक सपना देख्नु,

रानीको नाममा तान्त्रिक पूजा, राणा-शासनविरुद्ध क्रान्ति, जगदम्बाको भारत प्रस्थान, जगदम्बाको अनौठो कृत्य, सासूबाट पनि जगदम्बा हेलित, मदनको देहान्त, जगदम्बालाई नेपाल फर्काउने प्रयास, जगदम्बा नेपाल प्रवेश र दरबारको व्यवस्थापन, जगदम्बाको पीडाजन्य शोकमग्नता, दानचर्चा दानी कर्मथालनीपछि जगदम्बाको प्रशंसा, मदनको नाममा सप्ताह (२०११), मदन मेमोरियल गर्ल्स हाइस्कूलको स्थापना (२०११), २६ रोपनी जग्गा, एउटा घर, पाँच लाख अनुदान, सासू बालकुमारीले बद्रीनाथ, केदारनाथ र हरिद्वारमा बनाएका धर्मशालाहरूको जिर्णोद्धार (२०११), मदन पुरस्कार र गुठीको स्थापना (२०१२), पुस्तकालय र जगदम्बा प्रकाशनको स्थापना, दोस्रो गोर्खा दक्षिणबाहुले श्री ५ बाट जगदम्बाको सेवाको कदर, तेह्रथुममा विकासकार्य (२०१५-२०२०) मदनधारा स्थापना, दुई शय्याको चिकित्सा केन्द्र र औषधालयको साथै अतिथि घर निर्माण), धर्मशालाको स्थापना (२०१६, बनारस र रामेश्वरमा, नेपाली धर्मशालाको), सासूको नाममा ब्लक निर्माण (२०१६, कलकत्ताको क्यान्सर अस्पतालमा), मेडिकल कलेजमा अनुदान (२०१६, भारतको कलकत्ताको मेडिकल कलेजलाई अनुदान दिनु), श्रीमहल कृषि कलेजको लागि तत्कालीन प्रधानमन्त्री विश्वेश्वर प्रसाद कोइराला मार्फत दान दिनु। कर्मचारीलाई रानीको उपदेश, पाटन कलेजलाई जग्गादान (२०१७, पन्ध्र रोपनी जग्गा), पूर्व-पश्चिम राजमार्ग निर्माणमा सहयोग (२०१८, एक लाख थैली राजा समक्ष दान गर्नु), श्री ५ बाट दर्शन भेट (२०१८), राजाबाट सेवाको कदर (२०१९, पहिलो गोर्खा दक्षिणबाहुले), राजसभाको सदस्यमा मनोनीत (२०२०), साझा केन्द्र र यातायातलाई जग्गादान (२०२०, पचास रोपनी केन्द्रको नाममा र साझा यातायातलाई २२ रोपनी जग्गा र ५ लाख नगद), बालचन्द्र ट्रष्टको स्थापना (२०२१, सासू बालकुमारी र ससुरा चन्द्रशमशेरको नाममा बनारसमा), मदन स्मारक व्याखान माला खोलिनु पछि मदन स्मारकमा परिणत गरिनु, जगदम्बा फन्डको स्थापना, सौतापुत्र गोपाल र गजराजलाई बसेको दरबार दिनु (२०३३) रानीको अस्वस्थता र आफन्तसँग सम्बाद, र अस्वस्थतामा वृद्धि र मृत्यु (२०४५, श्रावण) आदि मुख्य बुँदाहरू समेटेको छ महाकाव्यले। सारसंक्षेपमा भन्नुपर्दा

भारतमा जन्मेकी जगदम्बाको विवाह नेपालका चन्द्रशमशेरका कान्छा छोरा मदनशमशेरसँग भयो र मदनशमशेरकी पत्नीको रूपमा नेपालमा प्रवेश भयो । मदनले मानिकञ्जरी सुसारेसँग सम्बन्ध गाँसी छोरी जन्मेपछि दुवैबीच सुमधुर सम्बन्ध हुन सक्दैन । सासूसँग पनि राम्रो सम्बन्ध रहँदैन । जगदम्बाले आफूलाई एक पतिव्रता नारीको जीवन बिताउँछिन् । कलिलो उमेरमा उनी विधवा हुन्छिन् । विधवा भएपछि उनले आफ्नो सारा सम्पति आफ्नो पतिको र खानदानको नाम अजरअमर गराउन विभिन्न सामाजिक काममा खर्चेर एउटा दानशील नारीमा आफूलाई उभ्याउँछिन् ।

*सहनशीलता आमी नारीको उच्च हो गुण ।*
*बैगुनी पतिका निम्ति दिनु पर्छ गुनै गन ।।* पृ. ५२, श्लोक ९०

**महाकाव्यका पात्रहरू**

यस महाकाव्यका पात्रहरू त धेरै नै छन् । मुख्य पात्रहरूमा जगदम्बा, मदन, मानिकञ्शरी, केदारमणि, विद्यादेवी दीक्षित, कमलमणिको यस महाकाव्यमा गहन भूमिका देखिन्छ भने चन्द्रपाल, चन्द्रप्रभा, चन्द्रशमशेर बालकुमारी, सुन्दरमणि दीक्षित, रूपा जोशी, रमोला, बहारलता, अञ्जुदेवी, खड्गशमशेरकी छोरी, केशरशमशेर, श्री ५ महाराज महेन्द्र, शिखतान्त्रिक, शम्भुप्रसाद ज्ञवाली, सोमनाथ, मधुसुदन भट्टराई, भोगेन्द्रराज पाण्डे, भानुभक्त, गंगाविक्रम सिजापति, हुतराम वैद्य, विश्वेश्वरप्रसाद कोइराला, छविलाल, चिरञ्जिवी आदि पात्रहरूले सजाइएको छ महाकाव्य ।

मुख्य पात्र जगदम्बाको दानशील, पतिव्रता, समाजसेवामा समर्पित जीवनीले महाकाव्यलाई उचाइमा पुऱ्याएको छ । जगदम्बाले जीवनभर पतिबाट माया पाउन सकिनन् तर पनि पतिप्रति अगाध श्रद्धा राखेर पतिकै नाम उच्च पार्न आफ्नो जीवन समर्पण गरिन् ।

जगदम्बाको मार्मिक भावना यहाँ हेर्न सकिन्छ–

*के पाप मैले गरेछु कुन्नि भएनन् सन्तान ।*
*पाइनँ मैले पतिको माया रङ्गीन मैदान॥* (पृ. १९६, श्लोक १०२)

*सहें मैले धेरै जलन कटुता गाल कहर।*
*दया मायाभन्दा अब अरू कुनै छैन रहर॥*

(पृ. ११४, श्लोक ११३)

मदनशमशेरको जीवनी रक्सी र मोजमज्जामा नै बित्यो, मानिकञ्जरी सुसारेले उनलाई खुसी पार्न सफल भएर सन्तानसमेतको जन्म दिएर नानीसाहेबको दर्जा लिन सफल भइन्। मदनको मृत्यु पनि रक्सी सेवनबाटै भयो। उनको जगदम्बाप्रतिको धारणालाई काव्यकारले यसरी पस्केका छन्–

*तिम्रो हियामा दिनरात मैछु।*
*आफ्नो हियामा म अरू लिदै छु॥* (पृ. १३५, श्लोक १०९)

रानी जगदम्बाको नाम उच्च पार्न उनको सम्पत्ति सत्कार्यमा लगाउनको लागि केदारमणि, दीक्षित, कमलमणि दीक्षितको गहन भूमिका देखिन्छ। यिनलाई सत्कार्यको भावना सुयोजनाको परिकल्पनाले र जगदम्बाको धनको प्रयोगले गर्दा जगदम्बा, केदारमणि, कमलमणिलाई अमरत्व प्रदान गरेको छ। महाकाव्यकारको जगदम्बाप्रतिको धारणा यसप्रकार छ–

*यिनी आदर्शकी नारी देवतातुल्य छन् यिनी।*
*जिउँदै स्वर्ग देखेर मात्र नै मर्दछिन् यिनी॥* (पृ. २३०, श्लोक ८१)

## परिवेश

यो महाकाव्य भारत र नेपालको परिवेशमा लेखिएको छ। सबै ठाउँको प्राकृतिक वर्णन महाकविले सविस्तार गरेका छन्। भारतको वर्णनमा अङ्ग्रेजको शासनकालदेखि र नेपालको वर्णनमा जङ्गबहादुरदेखि गरेको देखिन्छ।

## महाकाव्यको विषेशता

यो विविध छन्दयुक्त (वार्णिक मात्रिक र लोकलयमा) लेखिएको महाकाव्य हो। यो महाकाव्य पूर्वीय महाकाव्यगत गुणहरूको पालना गर्दै लेखिएको छ। जगदम्बा भारतमा जन्मिएर नेपालमा विवाह गरेर पतिबाट मायाप्राप्त गर्न नसकेकी दानशील, समाजसेवी महिलाको

आधारमा लेखिएको महाकाव्य हो । काव्यकारले जगदम्बालाई दानशिरोमणि भनेका छन् । यो महाकाव्यमा विवरणात्मक प्रस्तुति गरिएको छ। यसमा सारगर्भित सूक्तिहरू प्रस्तुत गरिएका छन्; जस्तै–

*ऊर्जाशील भएर बाँच्न नसके यो जिन्दगी व्यर्थ छ ।*

(पृ. २, श्लोक ६)

*बुझ्दैनन् दुनिया महासमरको हो अर्थ के वास्तब ।*
*कस्को हार भयो र जीत कसको के गर्नु के उत्सब ।।*

(पृ.३, श्लोक ११)

*अलिक शिर झुकाई दान लिन्छन् लिनेले ।*
*उपर शिर उठाई दान दिन्छन् दिनेले॥* (पृ. १९७, श्लोक, ३)

यस महाकाव्यप्रति वरिष्ठ समालोचक घटराज भट्टराईको धारणा यस प्रकार छ–

"अनेक शैली, अनेक लय र अनेक सन्दर्भका अनेक विषयलाई अँगालेर वियोगीले महाकाव्यमा सहज र शाश्वत अभिव्यक्ति दिएका छन्। छन्दज्ञान, इतिहासज्ञान, व्यावहारिकज्ञान, पनि यसभित्रका रचनाले पाठकहरूसामु दिलाउने गर्दछन् । यिनै आधारमा महाकाव्यका अन्य अनेक विशेषताको निर्धारण पनि गर्न सकिन्छ ।" (भूमिका पृष्ठ छ)

**अन्त्यमा**

नेपाली महाकाव्यहरूमा यो एउटा ऐतिहासिक महाकाव्य हो। यस महाकाव्यले जगदम्बा रानीको दानशीलता, केदारमणि र कमलमणिको सुयोजनाले नेपाली भाषा साहित्य शिक्षा, स्वास्थ्य परोपकार क्षेत्रमा गरेको गहन भूमिका र कार्यान्वयनलाई राम्रोसँग प्रष्ट्याएको छ । धनले मात्र पनि हुँदैन र कार्य गर्ने धारणाले पनि हुँदैन, दुवैको सुमधुर संयोजनबाट मात्र उपलब्धि हासिल हुन्छ भन्ने यथार्थता महाकाव्यले बोकेको छ । यो महाकाव्यले जगदम्बा, केदारमणि र कमलमणिको जीवनलाई अमरत्व प्रदान गरेको छ ।

के महाकाव्यमा सबै पूर्णता छ त भन्ने कुरा निस्कन सक्छ ? संसारमा सबै चिजमा सबै जना कहिल्यै पूर्ण हुँदैन, जस्तो

लाग्छ । यस काव्यमा यथार्थताको पस्काइ गर्न खोजिएको छ । महाकाव्यकारले पस्कन खोजेका अभिव्यक्ति भने अवश्य पूर्ण छन् । यसलाई सानो आकार दिन पनि नसकिने अवश्य होइन, छन्दको रोजाइ काव्यकारको लेखाइ र महाकाव्यको आकार ठूलै हुनुपर्छ भन्ने महाकाव्यकारको धारणाले होला महाकाव्यलाई तन्काउने प्रयास भने अवश्य गरिएको छ ।

**काव्यकारलाई कविताबाटै शुभकामना**

*छन्द आफैं बचेको छ संवर्धन गर*
*बेछन्दको स्वाद मीठो चाख्ने पनि गर*
*अझै अघि बढ्दै जाउ कलमलाई समाई*
*ताली राम्रो बजाउँला तिमीसँग रमाई*
*मीठी मानी मानी कन जगदम्बा पढें*
*दुईचार शब्द कोर्न भनी म त अघि बढें*
*यी नै मीठा सन्देशले यो मनलाई छोयो*
*सूक्तिहरू गहकिला छन् मोहनी त लायो*
*लाखौं लाखौं बधाइ छ कवि वियोगीलाई*
*जीवनका हरेक शोपान माथि चढ्न लाई*



# लेखापरीक्षण गरिएको
# गुठिको हिसाब
# २०६८–२०६९

श्री मदन पुरस्कार गुठा

श्रीदरवारटोल, ललितपुर

२०६८ श्रावण १ देखि २०६९ आषाढ मसान्त सम्मको वासलात

| २०६८ आषाढको | पूँजी तथा दायित्व | रकम | २०६८ आषाढको | सम्पति तथा जायजेथा | रकम |
|---|---|---|---|---|---|
| ३५,००,०००।– | मूलधन कोष | ३५,००,०००।– | | स्थिर सम्पति-फर्निचर ६,८६५।३७ | |
| | **जगेडा कोष** | | ६,८६५।३७ | ह्रास कटी १५ प्र.श. -१,०२९।८१ | ५,८३५।५६ |
| | गत वर्षको बचत २८,६७,८२१।७८ | | | **लगानी** | |
| २८,६७,८२१।७८ | यस वर्षको बवत १,६५,६५४।४७ | ३०,३३,४७६।२५ | ५,००,०००।– | साझा पसल सेवाको शेयर ५,००,०००।– | |
| ३,२८,९८९।३४ | कर्मचारी सन्चयकोष (सिद्धार्थ वैंक लि.) | ३,६२,२९६।६९ | १०,१००।– | साझा स्वास्थ्य सेवाको शेयर १०,१००।– | |
| २०,७१३।९६ | कर्मचारी कल्याण कोष (सिद्धार्थ वैंक लि.) | २३,६४६।४७ | ३,५००।- | साझा प्रकाशनको शेयर ३,५००।– | |
| ८,०००।- | दिनबाकी दायित्वः ले.प. शुल्क | ४,०००।– | ४६,५००।- | सोल्टी होटलको शेयर ५९,६९०।– | |
| २,३८,८००।- | छोटो अवधीको ऋण | | ४,५००।- | साझा भण्डारको शेयर ४,५००।– | |
| | | २,०१,७५३।३३ | ३६,०००।- | दि जुद्ध मैच फैक्टोरीको शेयर ३६,०००।– | |
| | | | १०,००,०००।- | जगदम्बा अफसेट प्रेसको शेयर १०,००,०००।– | १६,१३,७९०।– |
| | | | | **मुदती खाता** | |
| | | | ५०,०००।– | ने.फा.कं. मुदती क.सं. कोष ५०,०००।– | |
| | | | २१,०५,०७३।२४ | नेशनल फाइनेन्स मुदती २१,०५,०७३।२४ | |
| | | | १,००,०००।– | एन.आई.डि.सी. मुदती १,००,०००।– | |
| | | | १६,२५,०००।– | सिद्धार्थ वैंक लि. मुदती १६,२५,०००।– | ३८,८०,०७३।२४ |
| | | | | **बचत खाता** | |
| | | | ९,८३,६२६।७२ | सिद्धार्थ वैंक लि. बचत १०,९६,५७१।३१ | |
| | | | | एन.आई.डि.सी. बचत २७,४७२।१४ | ११,२४,०४३।४५ |
| | | | २,८५,२३४।७७ | प्रोमिडेन्ट फण्ड सिद्धार्थ वैंक ३,१६,७७१।५७ | |
| | | | | कर्मचारी कल्याण कोष सिद्धार्थ वैंक २५,८८१।७२ | ३,४२,६५३।२९ |
| | | | ६,०००।- | धरौटी | ६,०००।– |
| | | | २,३२६।२३ | नगद मौज्दात | - |
| | | | | **लिन वाकी** | |
| | | | १,९९,५९८।७५ | जगदम्वा प्रेस | १,५२,७७७।२० |
| ६९,६४,३२५।०८ | | ७१,२५,१७२।७४ | ६९,६४,३२५।०८ | | ७१,२५,१७२।७४ |

(श्री गजेन्द्रनाथ रेग्मी)
कार्यालय सचिव

(श्री कुन्द दीक्षित)
सदस्य सचिव

(श्री श्रीधरसमसेर ज.व.रा.)
कोषाध्यक्ष

(श्री कमलमणि दीक्षित)
अध्यक्ष

(श्री लोकमेहर बज्राचार्य)
लेखापरीक्षक

L. MEHER & Co. Regd. Auditors ICAN No.2004'B' Kumaripati Lalitpur

श्री मदन पुरस्कार गुठी

श्रीदरबारटोल, ललितपुर

२०६८ साल श्रावण १ देखि २०६९ साल

आषाढ मसान्तसम्मको आयव्यय विवरण

| २०६८ आषाढको | व्यय | रकम | २०६८ आषाढको | आय | रकम |
|---|---|---|---|---|---|
| ९१,०००\|– | तलव भत्ता | ९१,०००\|– | | मुदती र बचतबाट व्याज | |
| ८,४००\|– | सन्चयकोष थप | ८,४००\|– | १४,२०४\|३० | एन.आई.डि.सि. बचत | २७,४७२\|१४ |
| ४,००,०००\|– | पुरस्कार | ४,००,०००\|– | ७१,२५०\|– | साझा पसल सेवा लाभांष | ७१,२५०\|– |
| २,३९८\|– | तार,टिकट, टेलिफोन | १,०००\|– | १,६६,४०४\|– | जगदम्बा प्रेसबाट व्याज | ७६,५००\|– |
| २,१३,२६१\|७२ | साधारण खर्च | १,३४,१३१\|०६ | ३०,१७४\|८८ | साल्ट ट्रेनिङको लाभांष | - |
| - | नेपाली पत्रिकामा खर्च | १,१९,४१२\|७५ | ६,५०,०००\|– | अनुदानबाट आम्दानी | ३,००,०००\|– |
| - | अनुदान | - | ९२,४९८\|२७ | नेशनल फाइनान्स मुदतीको | २,२९,००१\|२२ |
| - | पुस्तक खरिद | - | | व्याज | |
| ५,०००\|– | लेखापरिक्षण शुल्क | ४,०००\|– | २९,०९६\|२५ | सोल्टी होटलको लाभांष | २५,८०७\|– |
| - | पत्र पत्रिका | - | - | साझा प्रकाशनको लाभांष | - |
| २०,७१३\|९६ | कर्मचारी कल्याण कोष | २,०००\|– | - | नेपाली पत्रिकाबाट आम्दानी | - |
| - | वैंक कमिशन | - | १,६२,५०१\|२१ | सिद्धार्थ वैंक लि.बाट व्याज | २,८५,२८६\|३२ |
| ८३,६१०\|– | पारिश्रमिक | ७५,८००\|– | १७,९४,९५६\|– | साल्ट ट्रेनिङ्ग शेयर विक्री | |
| - | राजश्व | ४६,५३५\|०७ | | वाट आय | x |
| १,२११\|५३ | ह्रास कटी | १,०२९\|८० | - | पुरस्कारबाट आम्दानी | १०,०००\|– |
| २१,८५,४९६\|७२ | व्यभन्दा आय बढी | १,६५,६५४\|४७ | - | कर्मचारी कल्याण कोष | २३,६४६\|४७ |
| ३०,११,०९२\|९१ | | १०,४८,९६३\|१५ | ३०,११,०९२\|९१ | | १०,४८,९६३\|१५ |

| (श्री गजेन्द्रनाथ रेग्मी) | (श्री कुन्द दीक्षित) | (श्री श्रीधरशमशेर ज.व.रा.) | (कमलमणि दीक्षित) | (श्री लोकमेहर वज्राचार्य) |
|---|---|---|---|---|
| कार्यालय सचिव | सदस्य सचिव | कोषाध्यक्ष | अध्यक्ष | लेखापरीक्षक |

L. MEHER & Co.
Regd Auditors
ICAN No 200418
Kumaripati, Lalitpur

# सम्पादकीय

## यो अङ्क